# भूमिका

नेपालको सुव्यवस्थित सामाजिक आन्दोलनहरु मध्ये बालअधिकार आन्दोलन एक हो । ८० को दशकबाट शुरु भएको यस आन्दोलनको आरम्भमा बालअधिकारको विषय कुनै चर्चाको विषय नै थिएन । यसरी कुनै चर्चा नै नभएको विषय विस्तारै चर्चाको विषय बन्दै अहिलेयो विषय नेपालको एउटा महत्वपूर्ण  सामाजिक तथा राजनैतिक मुद्धाका रुपमा स्थापित भएको छ । अहिलेको अवस्थामा देशमा थुप्रै  बाल अधिकारमुखी संस्थाहरु र तीसंस्थाका संजालहरु बालबालिकाको अधिकार प्रवर्द्धनका निमित्त कार्यरत छन् । यस सन्दर्भमा, बाल अधिकार महासन्धिमा बैकल्पिक प्रतिवेदन (वयस्क तथा बाल नेतृत्व दुवै) बुझाउनु यी सञ्चालहरुका लागि उच्च प्राथमिकता बनेको छ ।

यसक्रममा कन्सोर्टियम-नेपालले, बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा सञ्जालका रुपमा बालबालिकाको तर्फबाट बालबालिकाको नेतृत्वमा प्रतिवेदन बुझाउनका लागि सन् २०१२मा छलफलको शुरुवात गऱ्यो । यसैगरी नागरिक समाजका तर्फबाट प्रतिवेदन बुझाउनका निमित्त, २०१३ मा कन्सोर्टियम नेपाल सहित बालअधिकारका क्षेत्रमा क्रियाशील राष्ट्रिय सञ्जालहरु मिलेर सिआरसि प्रतिवेदन सञ्जाल निर्माण गरियो ।सहकार्यका लागि निर्माण गरिएको प्रतिवेदन तयारी सञ्जाल भित्र पनि बालबालिकाको नेतृत्वमा बालअधिकार महासन्धिमाथि प्रतिवेदन तयार गरिनु पर्ने कुरामा मतऐक्यता देखा पऱ्यो ।यसरी विभिन्न चरणमा गरिएका छलफल तथा बहसका आधारमा बालबालिकाको नेतृत्वमा प्रतिवेदन तयार गर्ने निर्णय गरियो भने कन्सोर्टियम-नेपाललाई यस ऐतिहासिक कामको जिम्मा दिइयो । हामी यस अवसरका लागि सिआसि प्रतिवेदन सञ्जाल प्रति हार्दिक आभार प्रकट गर्दछौं ।

बालअधिकार महासन्धिमा बालबालिकाको नेतृत्वमा यस स्वरुपको प्रतिवेदन तयरीका लागि विशिष्ठ प्रक्रियाहरु अपनाइएका थिए । यस प्रक्रिया अन्तरगत बालबालिकाले स्थानीय स्तरबाट बालबालिकाका मुद्धाहरु संकलन गरेका थिएर क्षेत्रीय तथा राष्ट्रिय स्तरमा परामर्श कार्यशालहरु आयोजना भएका थिए । त्यसपछि मात्र प्रतिवेदन मस्यौदाको रुपमा तयार भयो र राष्ट्रिय स्तरमा बालबालिका आफैले सरोकारवालाहरु माझ प्रस्तुत गरे ।

यस प्रतिवेदन निर्माणको प्रक्रियाको नेतृत्व बालबालिका स्वयम्ले लिएर अगाडि बढ्न सजिलो थिएन । तर सहजीकरणका लागि प्रयोग गरिएका विधिहरु प्रभावकारी सावित भए । हामी वयस्कहरु मात्र सहजकर्ताको रुपमा रह्यौ र हामीले बालबालिकाको विचार र भावनाहरुलाई एकीकृत गर्न सहयोग गऱ्यौं ।

यस प्रक्रियाको केन्द्रीय भागमा स्वभाविक रुपमा बालबालिकाछन् र उनीहरुको योगदान प्रसंसा योग्य छन् । म यस प्रक्रियामा सहभागी भएका हरेक क्षेत्रका बालबालिकालाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

बालबालिकाको नेतृत्वमा प्रतिवेदन तयार गर्ने अवधारणाले बाल अधिकारकर्मीहरुको दशकौं लामो अनुभव संगालेर मात्र परिपक्वता लिन सफल भएको हो । म यस अवसरमा यस अवधारणालाई शुरुवात देखि नै व्यवहारमा ल्याउन सहयोग गर्नुहुने बालअधिकारकर्मी उद्धवराज पौडेल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी यस प्रक्रियाका दौरान सहयोगी भूमिका निर्वाह गर्ने सिआरसी प्रतिवेदन सञ्जालका संयोजक श्री कृष्ण सुवेदी प्रति पनि आभार व्यक्त गर्दछु ।

अवधारणाहरु तब मात्र उत्कृष्ट हुन्छ जब त्यसलाई कार्यरुप दिइन्छ । यसक्रममा यस अवधारणालाई कार्यरुप दिनका लागि विशेष योगदान दिनुहुने कन्सोर्टियम-नेपालका महासचिव किरण थापा र कार्यसमिति सदस्य सन्तोष महर्जनलाई धन्यवाद ज्ञापन गर्दछु ।

त्यसैगरी प्रतिवेदन निर्माण प्रक्रियामा निर्णायक प्राविधिक सहयोग पुऱ्याउनु हुने बाल अधिकारकर्मी चन्द्रिका खतिवडालाई विशेष धन्यवाद ज्ञापन गर्दछु । यसक्रममा बालबालिकाको राष्ट्रिय परामर्श सहजीकरण र प्रतिवेदन तयारी गर्न सहयोग गर्ने निना महर्जन, कुशुम शर्मा र शिव थापालाई धन्यवाद ज्ञापन गर्दछु । उहाँहरुले पाँच विकास क्षेत्र तथा राष्ट्रिय स्तरका परामर्शहरुको छलफल तथा प्राप्त भएका सामग्रीहरुलाई व्यवस्थापन गर्न प्रशंसायोग्य मेहनत गर्नु भएको छ ।

बालबालिकाको नेतृत्वमा तयार यस प्रतिवेदन तयारी प्रक्रियामा आर्थिक तथा प्राविधिक साथसहयोग उपलब्ध गराउने हाम्रा साझेदार संस्थाहरु सेभ द चिल्ड्रेन इन्टरनेशनल, प्लान नेपाल र वर्ल्ड भिजन इन्टरनेशनल नेपाल प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यसरी नै सिआरसि सञ्जालका सदस्यहरु तथा सरोकारवालाहरुको शुभेच्छा, उत्प्रेरणा तथा सकारात्मक पृष्ठपोषण प्रति आभार व्यक्त गर्दछु ।

अन्तमा, यस प्रक्रियामा महत्वपूर्ण योगदान पुऱ्याउने कन्सोटियम्-नेपालका कार्यसमिति पदाधिकारी तथा सदस्यहरु एवम् सचिवालयका कर्मचारीहरुको हार्दिक प्रशंसा गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

कुमार भट्टराई
अध्यक्ष
कन्सोटियम्-नेपाल

# विषय सूची


१.परिचय

१.१ परिवेश

१.२ हामीले यस प्रतिवेदन किन तयार गर्‍यौं ?

१.३ हामीले यस प्रतिवेदन कसरी तयार गर्यौं ?

१.३.१ यस प्रतिवेदनको सोच कसरी आयो ?

१.३.२ प्रारम्भिक छलफल

१.३.३ विचारलाई कार्यरुप परिणत गर्नु

१.३.४ क्षेत्रीय परामर्शहरु

१.३.५ जिल्ला स्तरीय परामर्शहरु

१.३.६ सूचनाहरुको संकलन तथा व्यवस्थापन

१.३.७ बालबालिकाका प्रतिनिधिहरुको राष्ट्रिय परामर्श

१.३.८ बाल अधिकार महासन्धिमा बाल केन्द्रित प्रतिवेदन माथि वयस्कहरुसँग छलफल

१.३.९ प्रतिवेदन लेखन, बालबालिका तथा वयस्कसँग परामर्श र प्रतिवेदनको परिमार्जन

१.४ को को संलग्न थिए ?

१.४.१ यस प्रक्रियामा प्रत्यक्ष संलग्न रहेका बालबालिकाको समूह/वर्ग

१.४.२ बालबालिकाको तर्फबाट गरिएको योगदान (तिनीहरुको प्रकार सहित)

१.५ हामी यस प्रतिवेदन मार्फत कसबाट के योगदानको अपेक्षा गर्दछौं ?

१.५.१ सहजीकरण गर्ने संस्थाहरुबाट

१.५.२ नेपालमा बाल अधिकारको क्षेत्रमा कार्यरत संस्था तथा सञ्जालहरुबाट

१.५.३ सिआरसि कमिटिबाट

१.५.४ हाम्रो सरकारबाट

१.६ हामीले यस प्रतिवेदनलाई कसरी व्यवस्थित गर्‍यौं ?

२. बालअधिकार महासन्धि कार्यान्वयनका लागि पछिल्ला वर्षहरुमा नेपाल सरकारबाट भएका नीतिगत प्रयासहरु

२.१ नेपालको अन्तरिम संविधान २०६३

२.२ बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९

२.३ बालबालिका सम्बन्धि ऐन २०४८

२.४ बालबालिका सम्बन्धी राष्ट्रिय रणनीति २०६८ र यसको सञ्चालन कार्यविधि २०६८

३. नेपालमा बालबालिकाको विचारको कदर र बिना भेदभावको अवस्था

३.१ बिना भेदभाव

३.१.१ हामीले कस्तो अवस्था अवलोकन गर्‍यौं ?

३.१.२ हाम्रा सुझावहरु

३.२ बालबालिकाको विचार तथा भावनाको कदर

३.२.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

३.२.२ हाम्रा सुझावहरु

## ४. पारिवारिक स्याहार तथा अभिभावक विहिन बालबालिका

४.१ माया, स्याहार र परिवारमा सहयोग

४.२ अभिभावक तथा परिवार बिहिन बालबालिका

४.२.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

४.२.२ हाम्रा सुझावहरु

४.३ सडकमा आधारित बालबालिका

४.३.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

४.३.२ हाम्रा सुझावहरु

## ५. स्वास्थ्य स्याहार र कल्याण

५.१ अपाङ्गतामा रहेका बालबालिका

५.१.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

५.१.२ हाम्रा सुझावहरु

५.२ पिउने पानी र सरसफाई (विद्यालयको शौचालय सहित)

५.२.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

५.२.२ हाम्रा सुझावहरु

५.३ विद्यालयमा स्वास्थ्य शिक्षा र प्राथमिक उपचार

५.३.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो छ ?

५.३.२ हाम्रा सुझावहरु

५.४ स्वास्थ्य अवस्था र सेवा

५.४.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो छ ?

५.४.२ हाम्रा सुझावहरु

## ६. शिक्षा

६.१ सबैका लागि शिक्षामा पहुँच

६.१.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो छ ?

६.१.२ हाम्रा के सरोकारहरु छन् ?

६.१.३ हाम्रा सुझावहरु

६.२ विद्यालयहरुको भौतिक संरचना

६.२.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो छ ?

६.२.२ हाम्रा सुझावहरु

६.३ विद्यालयमा शिक्षणको गुणस्तर तथा सिकाई

६.३.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

६.३.२ हाम्रा सुझावहरु

६.४ विद्यालयमा हुने शारीरिक सजाय

६.४.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

६.४.२ हाम्रा सरोकारहरु के छन् ?

६.४.३ हाम्रा सुझावहरु

## ७. बाल संरक्षण

७.१ सशस्त्र द्वन्द्व तथा प्राकृतिक प्रकोपबाट प्रभावित बालबालिका

७.१.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

७.२ बाल श्रम (घरेलु बाल श्रम, कमैया बालबालिका र हलिया बालबाकिला सहित)

७.२.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

७.२.२ हाम्रा सरोकारहरु

७.२.३ हाम्रा सुझावहरु

७.३ लागूपदार्थ दुर्व्यसन (अभिभावकको दुर्व्यसन सहित)

७.३.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

७.३.२ हाम्रा सरोकारहरु के छन् ?

७.३.३ हाम्रा सुझावहरु

७.४ यौन दुर्व्यवहार तथा यौन शोषण

७.४.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

७.४.२ हाम्रा सुझावहरु

७.५ बाालबालिकाको बेचविखन तथा ओसारपोसार

७.५.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

७.५.२ हाम्रा सुझावहरु

७.६ बाल विवाह

७.६.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

७.६.२ हाम्रा सरोकारहरु

७.६.३ हाम्रा सुझावहरु

# परिचय

## १.१ परिवेश

एगलाइनटाइन जेबले सन् १९२३ मा आरम्भ गरेको बाल अधिकार अभियानले संयुक्त राष्ट्रसंघिय बाल अधिकार महासन्धिलाई सन् १९८९ नोभेम्बर २० का दिन संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेपछि मात्र औपचारिकता प्राप्त गरेको हो । बालबालिकामा केन्द्रित यो महासन्धि एक मात्र त्यस्तो महासन्धि हो जसले बालबालिकाको बचावट, विकास, संरक्षण तथा सहभागिताको अधिकारलाई सुनिश्चित गरेको छ । हामी नेपालका बालबालिका संयुक्त राष्ट्रसंघलाई धन्यवाद दिन चाहन्छौं जसले बालबालिकाको भलाईका लागि विशेष महासन्धि पारित गरी विश्वका सम्पूर्ण बालबालिकाको मानवअधिकार सुनिश्चितताका निमित्त सरोकार देखायो । यस महासन्धिलााई प्राय सम्पूर्ण देशहरुले अनुमोदन गरिसकेको र सम्पूर्ण पक्ष राष्ट्रहरुले बालअधिकार प्रत्याभूतिका निम्ति प्रतिबद्धता पनि व्यक्त गरिसकेको कुरा हामीलाई थाहा छ ।

नेपाल बाल अधिकार महासन्धिको पक्ष राष्ट्र भएको पनि २४ वर्ष भई सकेको छ । यस अवधिमा प्रत्येक बालबालिकाको अधिकारको लागि नेपालले थुप्रै प्रयासहरु गरेका छ । हामीलाई थाहा छ, नेपालको बालबालिकासम्बन्धी सम्पूर्ण ऐन तथा कानुनहरुको मार्ग निर्देशक दस्तावेज बाल अधिकार महासन्धि नै हो । बालअधिकार महासन्धिको अनुमोदन पश्चात नेपालका सम्पूर्ण बालबालिकाको अधिकार सुनिश्चितताका लागि बालबालिका सम्बन्धी ऐन २०४८, बालबालिकासम्बन्धी राष्ट्रिय कार्य योजना २००४/०५ देखि २०१४/१५ र बालबालिलका सम्बन्धि राष्ट्रिय नीति २०१२ निर्माण गरिएका छन् । यसका साथै विभिन्न परिस्थितिमा रहेका बालबालिकाको अधिकार प्राप्तिका निम्ति मद्धत गर्ने विशेष समूहका बालबालिकाहरुलाई लक्षित गरी अन्य कार्यक्रम तथा नीतिहरु पनि लागू गरिएका छन् । यस्ता विशेष समूहका बालबालिकामा बाल श्रमिकरुपमा कार्यरत बालबलिका, संरक्षण तथा हेरचाह आवश्यक भएका बालबालिका, अपाङ्गतामा रहेका बालबालिका लगायतका बालबालिका पर्दछन् ।

सन् ८० को दशकबाट आरम्भ भएको नेपालको बालअधिकार आन्दोलनलाई नेपालले राष्ट्रसंघीय बाल अधिकार महासन्धिलाई सन् १९९० सेप्टेम्बर १४ का दिने अनुमोदन गरे पश्चात विशेष उर्जा प्राप्त भयो । यसरी नेपाल सरकारले बाल अधिकार महासन्धिका सिद्धान्त तथा प्रावधानहरुको पूर्ण कार्यान्वयन तथा नेपालका प्रत्येक बालबालिकाको अधिकार सुनिश्चितताको निम्ति प्रतिबद्धता व्यक्त गरेको छ ।

बालअधिकार महासन्धिको धारा ४४ अनुसार प्रत्येक पक्ष राष्ट्रले बाल अधिकार महासन्धि अनुमोदन भएको दुई वर्ष भित्रमा संयुक्त राष्ट्र संघीय बाल अधिकार समिति (जसलाई यस पछाडी सिआरसि कमिटी भनिएको छ) लाई देशीय प्रारम्भिक प्रतिवेदन बुझाउनु पर्दछ भन्ने कुरा हामी नेपालका बालबालिकालाई थाहा छ । त्यसपछि प्रत्येक ५ वर्षमा पक्ष राष्ट्रहरुले बाल अधिकार महासन्धिका सिद्धान्त तथा प्रावधानहरुलाई व्यवहारमा उतार्न भएका प्रयास तथा उपलब्धिहरुलाई समेटि आवधिक प्रतिवेदन बुझाउनु पर्दछ ।

सोही अनुरुप, नेपाल पनि एक पक्ष राष्ट्र भएको नाताले आफ्नो पहिलो देशीय प्रतिवेदन १९९५ मे १० तथा पहिलो र दोस्रो संयुक्त आवधिक प्रतिवेदन २००४ डिसेम्बमर ३ का दिन सिआरसि किमिटी समक्ष बुझाएको थियो । त्यस्तै गरी तेस्रो, चौथो तथा पाँचौं संयुक्त आवधिक राष्ट्रिय प्रतिवेदन २०१३ डिसेम्बर २७ मा बुझाइएको थियो । यसका साथै सिआरसि कमिटिले महासन्धिको धारा ४५ (क) का प्रावधान अनुसार नागरिक समाजका तर्फबाट बुझाइने प्रतिवेदनहरुलाई पनि स्वागत गर्दछ । वास्तवमा नागरिक समाजका तर्फबाट जाने प्रतिवेदनहरुले राज्य पक्षबाट प्रस्तुत भएको प्रतिवेदनको पुरकका रुपमा काम गरेका छन् जसले सिआरसि कमिटीलाई उक्त देशका बालबालिकाको अधिकारको बारेमा बैकल्पिक धारणा बनाउन पनि सहयोग गर्दछ । यिनै कुराहरुलाई मनन् गर्दै हामी बालबालिका पनि आफ्नै नेतृत्वमा बाल अधिकार सम्बन्धि प्रतिवेदन तयार गरी सिआरसि कमिटी समक्ष बुझाउँदै छौं ।

## १.२ हामीले यस प्रतिवेदन किन तयार गर्‍यौं ?

बाल अधिकार महासन्धिको मार्गनिर्देशक सिद्धान्त तथा चारवटा आधारहरु मध्ये बाल सहभागिता एउटा महत्वपूर्ण पक्ष हो । सहभागिताले नै बालबालिकालाई उनीहरुसँग सम्बन्धित विषयमा विचार व्यक्त गर्ने मौका प्रदान गर्दछ । त्यसैले बाल अधिकार प्रवर्द्धनका निमित्त नीति निर्माण तथा सो को कार्यान्वयनका निमित्त संयन्त्रहरु बनाउँदा पनि सरकारको बालबालिकाको सहभागिता सुनिश्चित गर्नु पर्दछ । यद्यपी हामी वयस्क भन्दा माथि भएर हाम्रा अभिभावक तथा सरकारले गर्नु पर्ने कामहरु यी यी हुन् भन्न खोजिरहेका छैनौं ।

हामी थुप्रै बालक्लब तथा त्यसका सञ्जालहरुसँग आबद्ध बालबालिकाहरु बाल अधिकार महासन्धिमा बाल सहभागिता सम्बन्धि उल्लेखित प्रावधानहरु प्रति सचेत छौं । ती प्रावधानहरुमा धारा १२ (बालबालिकाको विचारको सम्मान), धारा १३ (जानकारी लिने र दिने स्वतन्त्रता), धारा १६ (गोपनियता तथा आत्मसम्मान), धारा २३(क) (सामाजिक तथा मानसिक रुपमा अपाङ्गतामा रहेका बालबालिकाको आत्म सम्मान र सक्रिय सहभागिता), धारा २३ (ख) (सास्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रमहरुमा सहभागिता) जस्ता धाराहरु व्यक्तिका रुपमा बालबालिकासँग सम्बन्धित अधिकार हुन् । यसैगरी धारा १५ (स्वतन्त्र रुपमाा जम्मा हुन र समूह गठन गर्न पाउनु) र धारा १७ (सूचना तथा सञ्चारमा पहुँच) जस्ता धाराहरु समूहसँग सम्बन्धित छन् । हामीले बालबालिकाको विचारको सम्मानको अधिकार (धारा १२) लाई सन् २००९ मा सिआरसि कमिटीको ५१ औं सत्रले थप व्याख्या गरेको कुरा पनि थाहा पाएका छौं । यसलाई जेनेरल कमेन्ट नम्बर १२ (२००९) नाम दिइएको छ ।

जेनेरल कमेन्ट नम्बर १२ अनुसार बालबालिकाको सहभागिताको अधिकार बालअधिकार महासन्धिद्धारा प्रत्याभूत सम्पूर्ण अधिकारहरुमा लागू हुन्छन् । यस अनुसार बालबालिकाको बाल अधिकारका सम्बन्धमा आफ्नो बुझाई सम्बन्धी धारणा सम्पूर्ण

प्रक्रियामा समावेश भएको हुनु पर्दछ । यसले बालबालिकालाई बाल अधिकार सम्बन्धी आफ्नो बुझाई सरकार तथा सिआरसि कमिटीलाई पनि बुझाउन पाउने अधिकार पनि समेट्दछ । त्यसैले हामी बालबालिकाका धेरै समूहहरु मिलेर हाम्रै नेतृत्वमा बालअधिकार सम्बन्धी प्रतिवेदन तयार पारी बुझाएका छौं । यसबाट बालबालिकाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता हुनुका साथै सिआरसि कमिटीले उठान गरेको मुद्दाहरु प्रति हाम्रो विचार प्रतिविम्बित भएका छन् ।

राष्ट्रिय जनगणना २०११ अनुसार नेपालको कुल जनसंख्याको झण्डै आधा हिस्सा बालबालिकाको रहेको छ । जसअनुसार कुल जनसंख्यामा १८ वर्षभन्दा मुनिकाको जनसंख्या ४४ प्रतिशत हो । यसरी देशको कुलजनसंख्याको आधा हिस्सा ओगट्ने बालबालिकाका तर्फबाट तयार पारिएको यस प्रतिवेदनले बालबालिकाकाले आफ्नो बुझाई अनुसार देशको बाल अधिकारको अवस्था प्रस्तुत गरेको छ ।

बाल अधिकार महासन्धिको प्रतिवेदन तयारी तथा प्रस्तुतिमा बालसहभागिताको प्रसंग आउँदा सन् १९९२ तिर फर्कनु पर्ने हुन्छ जुन समयमा देशले सिआरसि कमिटीलाई आफ्नो पहिलो आवधिक प्रतिवेदन बुझाएको थियो । त्यस समयमा विभिन्न समूहलाई प्रतिनिधित्व गर्ने बालबालिकाको एक समूह प्रतिवेदन तयार गर्ने प्रक्रियामा सामेल भएका थिए । सिआरसि कमिटीले प्रतिवेदन निर्माण प्रक्रियामा बालबालिकाको संलग्नतालाई प्रशंसा समेत गरेको थियो । यसपछि सन् २००४ को पहिलो र दोस्रो संयुक्त आवधिक प्रतिवेदन निर्माण तथा २०१३ को तेस्रो, चौथो तथा पाँचौ आवधिक प्रतिवेदन निर्माणका क्रममा पनि बालबालिकासँग थुप्रै छलफलहरु आयोजना गरिएका थिए ।

यस प्रक्रियाको बारेमा जानकारी राख्दै हामी नेपालका बालबालिका बालअधिकार महासन्धिको प्रतिवेदन प्रस्तुतिको क्रममा बालबालिकाको सहभागिता जहिले पनि खोजी हुनुपर्दछ भन्ने कुरामा विश्वास गर्दछौं । यसका साथै सिआरसि कमिटिमा बालबालिका आफैले आफ्नै नेतृत्वमा बाल अधिकार महासन्धि सम्बन्धि प्रतिवेदन बुझाउन पाउने कुरा थाहा पाउँदा हामीलाई निकै खुशी लागेको छ । यसले गर्दा हामीलाई बालबालिकासँग सम्बन्धी विभिन्न विषयहरु, सरकारका विभिन्न नीति तथा कार्यक्रमहरु थाहा पाउन र ती व्यवहारमा कसरी लागू भएका छन् र रिक्तता कहाँ भइरहेको छ भनि समालोचनात्मक रुपमा सोच्नका लागि मद्धत गरेको छ । यस प्रतिवेदन मार्फत हामीलाई बालबालिका तथा बालअधिकारको वर्तमान अवस्थाको बारेमा हाम्रो देखाई तथा सुझाव सरकारलाई सुनाउने मौका पाएका छौं । साथै यो हाम्रो लागि एउटा सुनौलो मौका पनि हो जहाँ सिआरसि कमिटि मार्फत सरकारलाई सम्पूर्ण बालबालिका विशेषगरी जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको अधिकार परिपूर्तिका लागि निश्चित कार्य गर्नका लागि सुझाव दिन सकियोस् । हामी सिआरसि कमिटिलाई बालबालिकाको तर्फबाट पनि प्रतिवेदन बुझाउन पाउने प्रावधान राखेकोमा विशेष धन्यवाद दिन चाहन्छौं । हामी कन्सोर्टियम नेपाललाई पनि विशेष धन्यवादन दिन चाहन्छौं जसले प्रतिवेदन निर्माण तथा हस्तान्तरण गर्ने सम्पूर्ण प्रक्रियामा सहजिकरण गरिदिनु भएको छ । त्यसै गरी हामीलाई सल्लाह दिने, हामीसँगै काम गर्ने र प्रतिवेदन तयार गर्न सहयोग तथा सहजीकरण गर्ने सम्पूर्ण दाजु दिदी तथा संस्थाहरुलाई पनि धन्यवाद दिन चाहन्छौं ।

## १.३ हामीले यस प्रतिवेदन कसरी तयार गर्‍यौं ?

अधिकार प्राप्तिको फाइदा तब सम्म हुँदैन जबसम्म त्यस अधिकारसँग सम्बन्धित जिम्मेवारीहरु पूरा गरिदैनन् भन्ने कुरा हामी बालबालिकालाई जानकारी छ । अधिकाशं अभिभावकहरुले हाम्रो चौतर्फी विकासका लागि शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिदिनु भएको छ । त्यसैले यस अधिकारलाई अर्थपूर्ण बनाउनका निमित्त हाम्रो जिम्मेवारीको रुपमा पढाइमा हामीले निकै प्रयास गर्नुपर्दछ । यस प्रतिवेदन तयार गर्नका निमित्त हामीले खर्चेको समय हामीले हाम्रो पढाई तथा अरु जिम्मवेवारीहरु पूरा गरेको भन्दा बाहेकको समय हो । बाल सहभागिताको अधिकार सम्पूर्ण अधिकारको केन्द्र हुदाँ हुदै पनि यसले अन्य अधिकारहरुलाई खुम्च्याउनु हुँदैन । हामीलाई यो प्रतिवेदनलाई यस स्वरुपमा यहाँहरु समक्ष ल्याउनका लागि लगभग डेढ बर्षको समय लागेको छ ।

यस बाल केन्द्रित प्रतिवेदन तयारी प्रक्रियाका अपनाइएका चरणहरुको क्रमाणुसार ब्याख्या निम्नानुसार गरिएका छ

### १.३.१ यस प्रतिवेदनको सोच कसरी आयो ?

सन् १९९५ मा नेपाल सरकारले पहिलो देशीय प्रतिवेदन बुझाएको समय देखिनै बाल अधिकारवादी सस्थाहरुले बालबालिकाहरुकै नेतृत्वमा तयार गरिएको प्रगति प्रतिवेदन बुझाएको सपना देखि सकेका थिए । यसक्रममा माथि नै उल्लेख गरिए अनुसार पहिलो तथा दोस्रो संयुक्त प्रतिवेदन तथा तेस्रो, चौथो तथा पाँचौ आवधिक प्रतिवेदन तयारीको समयमा नै बालबालिकाको क्षेत्रीय परामर्शहरुको आयोजना गरी नेपाल सरकारले बाल बालिकाहरुसँग परामर्श गरेको थियो । बालबालिकालाई गरिएको यिनै कदर र प्रोत्साहनबाट उत्साहित हुँदै सोही बिन्दुबाट बालबालिकाको नेतृत्वमा प्रतिवेदन तयारीको प्रक्रिया शुरु भएको हो ।

### १.३.२ प्रारम्भिक छलफल

बालबालिकाको नेतृत्वमा बाल अधिकार महासन्धि सम्बन्धी प्रतिवेदन तयारीका निमित्त अनौपचारिक छलफलको शुरुवात सन् २०१२ मा कन्सोर्टियम नेपालको कार्यसमितिको बैठक, कन्सोर्टियम नेपाल र यसका साझेदार संस्थाहरु तथा प्रमुख

सरोकारवालाहरु बीचको बैठकबाट भएको हो । उपस्थित सबैले एकमत हुदै कन्सोर्टियम्सँग भएको सीप तथा स्रोतका आधारमा यस प्रक्रियाको नेतृत्व लिनका सहमति तथा सुझाव दिइएका थिए ।

## १.३.३ अवधारणा कार्यरुपमा परिणत

बाल अधिकार महासन्धि सम्बन्धी बाल बालिकाको नेतृत्वमा प्रतिवेदन बुझाउने योजनाले सन् २०१२ मा प्लान नेपालले यस प्रक्रियाको एक हिस्सा बन्न सहमत जनाइसकेपछि मात्र मूर्त रुप लिएको हो । यसैलाई आधार मानेर, कन्सोर्टियम्-नेपालले २८ डिसेम्बर २०१२ का दिन एक अभिमुखीकरण कार्यक्रमको आयोजना गरेका थियो । यस अभिमुखीकरण कार्यक्रममा, कन्सोर्टियम बाल सल्लाहकार समितिका सदस्यहरु, बालक्लब तथा केही सञ्जालका प्रतिनिधि हामी बालबालिकाले सहभागिता जनाएका थियौं ।

यस क्रममा नेपाल सरकारले २७ डिसेम्बर २०१३ मा संयुक्त आवधिक प्रतिवेदन (तेस्रो, चौथो तथा पाँचौ) मा बुझायो । यस पछाडि नै कन्सोर्टियम्-नेपालले औपचारीक रुपमा बाल बालिकाको नेतृत्वमा प्रतिवेदन तयारी प्रक्रियाका निमित्त औपचारिक छलफलको थालनी गरेको हो । छलफलका साथै कन्सोर्टियम्-नेपालले आर्थिक स्रोतको पनि खोजि गर्न थाल्यो । यसप्रकारको असल कामका लागि प्लान नेपालका साथसाथै सेभ द चिल्ड्रेन तथा वर्ल्ड भिजन इन्टरनेश्नल नेपालको समेत साथसहयोगको सुनिश्चितता भयो ।

त्यस पछिका दिनमा कन्सोर्टियम्-नेपालले आफ्नो कार्यसमिति सदस्यहरु तथा क्षेत्रीय संयोजनकहरुसँग बाल अधिकार महासन्धिमा बाल केन्द्रित प्रतिवेदन तयारी प्रक्रिया सम्बन्धी अभिमुखीकरण तथा परामर्श कार्यशालाको आयोजना गऱ्यो ।

सोही कार्यशालामा नै यस बाल केन्द्रित प्रतिवेदन तयारी प्रक्रियाको ढाँचा तयार भएको थियो । जस अनुसार प्रत्येक क्षेत्रीय कार्यशाला गोष्ठीमा सो विकास क्षेत्रका कम्तिमा ८ वटा जिल्लाहरु समावेश गरिने र प्रत्येक जिल्लाबाट २ जना बालबालिकाहरु ( १ बालक, १ बालिका) १अभिभावकका साथ क्षेत्रीय कार्यशालाका लागि आमन्त्रण गरिने निश्चय गरियो । यस प्रक्रियालाई अझ सहभागितामूलक बनाउनका लागि क्षेत्रीय संयोजकहरुलाई नै क्षेत्रीय कार्यशाला सञ्चालन गर्ने जिम्मेवारी दिइयो । यसैगरी सोही बेला क्षेत्रीय कार्यशालाहरु आयोजनाका निमित्त कार्ययोजना पनि तयार गरियो ।

| बाकस नं १.१ : औपचारिक प्रक्रियाको समयानुक्रम | |
|---|---|
| बाल अधिकार महासन्धिमा बालबालिकाको नेतृत्वको प्रतिवेदनको परिचयात्मक कार्यक्रम | २८ डिसेम्बर २०१२ |
| आवधिक राष्ट्रिय प्रतिवेदन बुझाइएको | २७ डिसेम्बर २०१३ |
| आर्थिक स्रोतको खोजी | |
| कन्सोर्टियम नेपालका कार्यसमिती तथा क्षेत्रीय संयोजकहरुसँग प्रारम्भिक परामर्श | ९ मे २०१४ |
| प्रत्यक विकास क्षेत्रबाट ७-९ जिल्लाको प्रतिनिधित्व हुनेगरी क्षेत्रीय परामर्शहरु | |
| पूर्वाञ्चल विकास क्षेत्र | १-२ जुन २०१४ |
| मध्यमाञ्चल विकास क्षेत्र | ३१ मे र १ जुन २०१४ |
| पश्चिमाञ्चल विकास क्षेत्र | ३०-३१ मे २०१४ |
| मध्य पश्चिमाञ्चल विकास क्षेत्र | ४-५ जुन २०१४ |
| सुदुर पश्चिमाञ्चल विकास क्षेत्र | २५-२६ मे २०१४ |
| ४१ जिल्लाहरुमा स्थानिय स्तरका परामर्शहरु | जुनको पहिलो तथा दोस्रो हप्ता |
| विभिन्न माध्यमहरुमार्फत स्थानिय स्तरका परामर्शहरुमार्फत संकलित बालबालिकाको विचार तथा अभिव्यक्ति | जुन २०१४ को दोस्रो हप्ता |
| स्थानिय परामर्शहरुबाट जम्मा गरिएका विचार तथा अभिव्यक्तिहरुको तिनीहरुको मुद्दाका आधारमा वर्गिकरण | जुन २०१४ को तेस्रो हप्ता |
| बाल अधिकार महासन्धिमा बालबालिकाको नेतृत्वमा प्रतिवेदनको मस्यौदा तयारी | जुन २०१४ को तेस्रो हप्ता |
| सम्पूर्ण पाँच विकास क्षेत्रबाट प्रतिनिधित्व गर्ने बालबालबाहरुसँग परामर्श | २७-२८ जुन २०१४ |
| सरोकारवालाहरु माझ मस्यौदा प्रतिवेदनका खोजीको बारेमा जानकारी | २९ जुन २०१४ |
| प्रतिवेदनलाई अन्तिम आकार दिनु र हस्तान्तरण | १ जुलाई २०१४ |

## १.३.४ क्षेत्रीय परामर्शहरु

सम्पूर्ण क्षेत्रीय परामर्शहरु सन् २०१४ मे महिनाको अन्तिम हप्ता तथा जुन महिनाको पहिलो हप्तामा आयोजना गरिएका थिए । यी परामर्श भेलाहरुमा ४१ जिल्लाबाट प्रतिनिधित्व रहेको थियो । यसैगरी राष्ट्रिय परामर्श गोष्ठीमा मात्र काठमाडौं उपत्यकाका तीन जिल्लाहरुको प्रतिनिधित्व रहेको थियो ।

यसरी आयोजना गरिएका परामर्श गोष्ठीहरुमा, सहभागी भएका समूहलाई बालअधिकार महासन्धिमा बाल बालिकाको नेतृत्वमा तयार गरिने प्रतिवेदनका प्रक्रियाको बारेमा जानकारी गराई उनीहरुको क्षेत्रमा बालअधिकारको अवस्थाको बारेमा विस्तृत छलफल गरिएको थियो । परामर्श गोष्ठीको अन्तमा प्रत्येक जिल्लाबाट प्रतिनिधित्व गर्ने बालबालिकाले आफ्ना लागि कार्ययोजनाको निर्माण गरी समूहमा प्रस्तुत गरेका थिए । प्रत्येक जिल्ला प्रतिनिधिले आफ्नो जिल्लामा स्थानीय स्तरमा फरक फरक बालबालिकाको समूहमा कम्तिमा ३ वटा परामर्शहरु आयोजना गरी पोस्टर, कविता, कथा, लेख, निबन्ध, भित्ते पत्रिका, गीत, कार्टुन, फोटो जस्ता विभिन्न माध्यमहरुबाट बालअधिकारको अवस्थाका बारेमा तिनिहरुको विचार तथा अनुभव संकलन गर्ने निधो गरे । यसका साथै

उनीहरु संकलित सामाग्रीहरु क्षेत्रीय संयोजकलाई पठाउने जिम्मेवारी लिन पनि सहमत भए । यसले गर्दा उनीहरुले संकलन गरेका सामाग्रीहरु केन्द्रिय तहमा संकलनका लागि कन्सोर्टीयम नेपालमा पठाउन सजिलो भयो । यसैगरी प्रतिवेदन तयारीका लागि उपत्यकामा आयोजना गरिने राष्ट्रिय परामर्शमा सहभागी हुन सहभागितामूलक विधिबाट छनौट गरिएका प्रत्येक क्षेत्रबाट २ जना बालबालिका (१ बालक १बालिका) सहभागी भए । प्रत्येक क्षेत्रमा आयोजाना गरिएका क्षेत्रीय परामर्शहरुको विस्तृत विवरण निम्नानुसार छ

तालिका नं १.१ क्षेत्रीय परामर्शहरुको विवरण

| क्र.स | क्षेत्र | स्थान (नगर/जिल्ला) | क्षेत्रीय समन्वय | कुल जिल्लाको प्रतिनिधित्व | मिति | जम्मा सहभागितहरु | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | केटा | केटी | वयस्क |
| १ | पूर्वाञ्चल | विराटनगर/ मोरङ्ग | फोरेन | ७ | १-२ जुन २०१४ | ९ | ७ | ८ |
| २ | मध्यमाञ्चल | हेटौडा / मकवानपुर | बाल कल्याण समाज | ८ | ३१- १ जुन २०१४ | १० | ९ | १३ |
| ३ | पशिचमाञ्चल | तानसेन/ पाल्पा | ISK | ९ | ३०-३१ मे २०१४ | ११ | ७ | ९ |
| ४ | मध्यमाञ्चल | नेपालगंज / बाँके | AFHA | ८ | ४-५ जुन २०१४ | ८ | १० | १७ |
| ५ | सुदुर पशिचमाञ्चल | महेन्द्रनगर / कञ्चनपुर | NNSWA | ९ | २५-२६ म. २०१४ | ९ | ९ | १४ |
| | जम्मा | | | ४१ | | ४७ | ४२ | ६१ |


## १.३.५ जिल्ला स्तरीय परामर्शहरु

बालबालिकाका प्रतिनिधिहरुले क्षेत्रीय परामर्शमा सहभागी रहेका आफ्ना वयस्क सहजकर्ताहरुको सहयोगमा क्षेत्रीय परामर्श गोष्ठीमा तयार गरेको कार्ययोजना अनुसार आफ्ना जिल्ला तथा स्थानमा कार्यशाला गोष्ठीहरु आयोजना गरेका थिए । यसले गर्दा बालअधिकार महासन्धिको प्रतिवेदन प्रक्रियामा अझ बढी मुद्दाहरु समावेश हुन पाए ।

## १.३.६ सूचनाहरुको संकलन तथा व्यवस्थापन

संकलित सूचनाहरुलाई जिल्ला प्रतिनिधिहरुले क्षेत्रीय संयोजक/संस्था मार्फत केन्द्रमा पठाएका थिए । यसरी फोकल व्यक्ति/संस्थाद्वारा संकलित सामग्रीहरुलाई व्यवस्थित गरेर कन्सोर्टियम नेपालमा पठाइएको थियो ।

विभिन्न फारमहरुमा संकलित बालबालिकाका सम्पूर्ण विचारहरु छानेर, विश्लेषण गरी जतनसाथ राख्ने कार्य गरियो । यसरी बालअधिकारका विभिन्न मुद्दाहरु तथा बास्तविकतामा बाल अधिकारको कार्यान्वयनको अवस्थामा जम्मा ९०८ विचारहरु विभिन्न अवस्थाहरु जस्तै आत्मवृत्तान्त, घटना अध्ययन कमिक्स, नाटक, चित्र, निबन्ध, कविता, गीत, कविता, अन्तर्वार्ता, समाचार, कथा, चिठी, सूचना, समस्याको सूची, भित्ते पत्रिका आदिबाट संकलन भई प्रतिवेदनका लागि व्यवस्थित तथा विश्लेषण गरिएका थिए । तल उल्लेखित तालिकाले विकास क्षेत्र तथा जिल्ला अनुसार बाल अधिकारको अवस्थाका बारेमा बालबालिकाको विचारका कुन ठाउँबाट कति समेटेको छ भनि प्रस्तुत गर्दछ :




*चित्र १ : नेपाल बाल भित्ते पत्रिका, प्रकाशक शिवशक्ति बाल क्लब, सिराहा । यस पत्रिकामा वातावरण, दुर्व्यवहार र पछाडि पारिएका तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि शैक्षिक सेवाहरु सम्बन्धी जानकारीहरु विभिन्न लेख, चित्र, अन्तर्वार्ता आदि समावेश गरिएका छन् । यसले बाल क्लबमा सदस्यहरुको सृजनात्मक क्षमता कविता र चुट्किला लेखनबाट पनि प्रस्तुत गर्दछ ।*

तालिका नं १.३ : बालबालिकाको विचार तथा अभिव्यक्तिले समेटेका भौगोलिक क्षेत्रहरु

| पूर्वाञ्चल विकास क्षेत्र | | मध्यमाञ्चल विकास क्षेत्र | | पश्चिमाञ्चाल विकास क्षेत्र | | मध्यपश्चिमाञ्चल विकास क्षेत्र | | सुदुरपश्चिमाञ्चल विकास क्षेत्र | |
|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | संख्या | जिल्ला | संख्या | जिल्ला | संख्या | जिल्ला | संख्या | जिल्ला | संख्या |
| झापा | ३२ | बारा | १४ | कपिलबस्तु | ५ | बाँके | १६ | बैतडी | ६४ |
| मोरङ्ग | ३ | चितवन | १० | कास्की | १४ | बर्दिया | १५ | बझांग | ४५ |
| संखुवासभा | २२ | धादिङ्ग | १९ | लमजुंग | ६ | दैलेख | ९ | बाजुरा | ३७ |
| सिराहा | ३ | धनुषा | ११ | नवलपरासी | १७ | दाङ्ग | ७ | डडेल्धुरा | ५९ |
| सुनसरी | ३१ | काभ्रे | १४ | पाल्पा | ४ | प्युठान | ६ | दार्चुला | २० |
| उदयपुर | १५२ | मकवानपुर | ४० | पर्वत | ५ | रोल्पा | ११ | डोटी | ७ |
| | | रोतहट | ३ | रुपन्देही | ११ | सल्याण | ८ | कैलाली | ५२ |
| | | सर्लाही | १५ | | | सुर्खेत | १५ | कञ्चनपुर | ३७ |
| | | सिन्धुली | ६९ | | | | | | |
| जम्मा | २४३ | जम्मा | १९५ | जम्मा | ६२ | जम्मा | ८७ | जम्मा | ३२१ |

### १.३.७ बालबालिकाका प्रतिनिधिहरुको राष्ट्रिय परामर्श

प्रतिवेदनको पहिलो मस्यौदा तयारी पश्चात सो प्रतिवेदनमाथि सम्पूर्ण क्षेत्रबाट बालबालिकाका प्रतिनिधिको प्रतिनिधित्वमा सन् २०१४ जुन २७-२८ का दिन काठमाडौंमा राष्ट्रिय परामर्शमा छलफल गरियो । प्रतिवेदन तयारीका निमित्त सहयोग समूहले प्रतिवेदनको निचोडहरु (फाइण्डिङ्गस्) का बारेमा जानकारी गराउनु भयो जसलाई हामी बालबालिकाले हामीले प्रतिनिधित्व गर्ने क्षेत्र/जिल्लाका आधारमा तथ्यहरुसँग दाँजेर हेर्‍यौं । हामी बालबालिकाको अनुभव तथा बुझाइका आधारमा प्रतिवेदनमा पृष्ठपोषण दियौ र प्रतिवेदनमा समावेश गर्नका लागि सुझावहरुको सूचि पनि तयार गर्‍यौं । हामीले उठाएका सम्पूर्ण मुद्दाहरु समेट्नका लागि हामी समूहमा पनि काम गर्‍यौं र प्रतिवेदनले पाएका तथ्यहरुका आधारमा बाल अधिकारकर्मी, सरकारी निकाय, नागरिक समाज तथा विभिन्न सरोकारवालाहरु माझ फरक तरिकाले प्रस्तुतिका लागि तयारी पनि गर्‍यौं ।

### १.३.८ बाल अधिकार महासन्धिमा बाल केन्द्रित प्रतिवेदन माथि वयस्कहरुसँग छलफल

बाल केन्द्रित प्रतिवेदन निर्माण प्रक्रियाको छलफलका लागि सन् २०१४ जुन २९ का दिन एक छुट्टै कार्यक्रमको आयोजना गरियो । बालबालिकासँग सम्बन्धित प्रमुख मन्त्रालयका प्रतिनिधिहरु, केन्द्रिय बाल कल्याण समितिका प्रतिनिधिहरुका साथै बाल केन्द्रित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरु तथा सम्बद्ध वयस्कहरुको सो कार्यक्रममा उपस्थिति रहेको थियो । हामी पाँचै विकास क्षेत्रबाट प्रतिनिधित्व गर्ने बालबालिकाले विभिन्न माध्यमहरु जस्तै प्रहसन, कथा वाचन, कविता, अन्तवार्ता आदिको माध्यमबाट प्रतिवेदनका महत्वपूर्ण खण्डहरुलाई सबैका सामु राख्यौं । उपस्थित प्रतिनिधिहरु हामीले अपनाएको प्रक्रियाबाट प्रसन्न हुनु भयो र यसबाट हामीलाई हाम्रो राम्रो काम तथा शुरुवातलाई निरन्तरता दिन उत्प्रेरित गर्‍यो ।

### १.३.९ प्रतिवेदन लेखन, बालबालिका तथा वयस्कसँग परामर्श र प्रतिवेदनको परिमार्जन

हामीले माथि कुरा गरेका सम्पूर्ण क्रियाकलापहरुसँगै समानान्तर रुपमा प्रतिवेदन तयार गर्ने कार्य भइरहेको थियो । प्रत्येक क्रियाकलाप पछि, प्राप्त भएका सुझावहरुको आधारमा प्रतिवेदन अध्यावधिक गर्ने कार्य पनि हुदै जान्थ्यो । सर्वप्रथम हामी सिआरसि कमिटिलाई प्रतिवेदन लेख्ने प्रक्रियाको बारेमा जानकार भयौं । विभिन्न माध्यमहरु मार्फत हामीले देश भरिका हाम्रा साथीहरु मार्फत सहयोग प्राप्त गर्‍यौं । प्राप्त योगदानहरुलाई प्रक्रियामा ढाल्यौं र हाम्रा साथीहरुले ल्याउनु भएको मुद्धाहरुलाई समेटी प्रतिवेदनको खाका तयार गर्‍यौं । सोही अनुरुप प्रतिवेदन लेखन औपचारिक रुपमा शुरु भयो । राष्ट्रिय परामर्शको दौरान हामीले पाँचै विकास क्षेत्रबाट प्रतिनिधित्व गर्ने आफ्ना साथीहरु माझ प्रतिवेदनको फाइण्डिङ्सहरु सुनायौं । यो प्रक्रियाको दौरान प्राप्त भएको पृष्ठपोषणको आधारमा प्रतिवेदनलाई अझ परिश्कृत गर्‍यौं । यी सबै प्रक्रियाहरुबाट गुज्रदै अन्तिम प्रतिवेदन यो स्वरुपमा आएको छ ।

## १.४ को को संलग्न थिए ?

४१ जिल्लाबाट ८९ जना बालबालिकाहरु क्षेत्रीय परामर्शहरुबाट यस प्रक्रियामा प्रत्यक्ष रुपमा संलग्न थिए र २१ जना बालबालिकाहरु पाँचै विकास क्षेत्र तथा १८ जिल्लाको प्रतिनिधित्व गर्दै राष्ट्रिय परामर्श भेलामा संलग्न रहेका थिए भन्ने कुरा जानकारी गराउन पाउँदा गर्व लागि रहेको छ । यस प्रक्रियामा विभिन्न पृष्ठभूमि तथा अवस्थाका बालबालिकाहरुको संलग्नता प्रति पनि सचेत रहेको थियौं । यसका साथै विभिन्न उमेर समूह, जात, वर्ग, धर्मका साथै विभिन्न सामाजिक आर्थिक अवस्थाका बालबालिकाहरुको पनि प्रतिनिधित्व रहेको थियो ।

यसका साथै ३००० भन्दा बढी बालबालिकालाई यस प्रक्रियाको बारेमा जानकारी गराउनुका साथै बाल अधिकारको अवस्थाको बारेमा आफ्ना विचार व्यक्त गर्नका लागि सहजीकरण पनि गरिएको थियो । यसरी तुलनात्मक रुपमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा यस प्रक्रियामा ठूलो संख्यामा बालबालिकाहरु सहभागि भएको भएता पनि नेपालका १८ वर्ष भन्दा मुनिका कुल जनसंख्या (कुल जनसंख्याको ४४ प्रतिशत) सँग दाँज्दा कम नै देखिन्छ । तर पनि यो प्रतिवेदन नेपालका बालबालिकाहरुको आवाज हो भन्ने कुरामा हामी विश्वस्त छौं ।

### १.४.१ यस प्रक्रियामा प्रत्यक्ष संलग्न रहेका बालबालिकाको समूह/वर्ग

विशेष वर्गका बालबालिकाको कुरा गर्नुपर्दा, तल उल्लेखित वर्गका बालबालिकाहरुको सहभागिता क्षेत्रीय कार्यशालामा देखिएको थियो,

- बाल श्रमिक
- मुक्त कम्लरी बालिका
- आप्रवासी परिवारका बालबालिका
- अपाङ्गतामा रहेका बालबालिका

यति हुँदा हुदै पनि अपाङ्गतामा रहेका बालबालिका, संस्थागत स्याहारमा रहेका बालबालिका जस्ता बालबालिकाको प्रतिनिधित्व क्षेत्रीय परामर्शमा पाउन सकिएन । यो समूहका बालबालिकाहरुको प्रतिनिधित्व राष्ट्रिय परामर्शमा मात्र गर्न सकियो जसले गर्दा प्रतिवेदनको दायरा अझ फराकिलो गर्न सकियो ।

यसका साथै तल उल्लेख गरिएका बालबालिकाहरुले विभिन्न माध्यमद्वारा व्यक्त गरेका विचारहरुले यस प्रतिवेदनको उचाइ बढाउन मद्धत गरेको छ ।

१. अपाङ्गतामा रहेका बालबालिका

२. बादी समुदायका बालबालिका

३. भुटानी शरणार्थी बालबालिका


४. बाल श्रमिकहरु

- ढुङ्गा खानीमा रहेका
- घरेलु बाल श्रमिक
- ईटा भट्टीमा काम गरिरहेका बालबालिका
- होटल तथा रेष्टुरेन्टमा काम गर्ने बालबालिका
- मुक्त कम्लहरी बालबालिका
- हकर बालबालिका

## १.४.२ बालबालिकाको तर्फबाट गरिएको योगदान (तिनीहरुको प्रकार सहित)

बालबालिकासँग सम्बन्धित विभिन्न मुद्दाहरु समेटी आफ्नो स्थान/क्षेत्र/जिल्ला/राष्ट्रको बाल अधिकारको अवस्थाको बारेमा हाम्रा साथीहरुले जम्मा ३८ जिल्लाबाट गरी जम्मा ९०८ वटा सामग्रीहरु संकलन गर्नुभएको थियो । हामीले प्राप्त सामग्रीहरुलाई जम्मा १७ वटामा वर्गिकरण गरेका छौं । यी सामग्रीहरुलाई लेख, अन्तर्वार्ता, पत्रपत्रिकाको क्लिपिङ्ग, चुट्किला, मुक्तक, चिठी, घटना अध्ययन, फोटो, भित्तेपत्रिका, नाटक, गीत, आत्मवृत्तान्त, कथा, कविता, चित्र, समस्या तथा सुझावको रुपमा वर्गिकरण गरिएको छ । हाम्रा साथीहरुबाट प्राप्त ९०८ सामग्रीहरुमा २/३ वटा समस्याको सूचिको रुपमा रहेको थियो । लगभग २० प्रतिशत चित्रहरु, १६ प्रतिशत लेखको रुपमा र १३ प्रतिशत कविताहरु थिए । त्यस्तै गरी आत्मवृत्तान्त, गीत, पत्रपत्रिकाको क्लिपिङ्गहरु ३/३ प्रतिशत थिए भने नाटक १ प्रतिशत ।समग्रमा यस प्रतिवेदनमा समवेश गरिएका बालबालिकासँग सम्बन्धित विभिन्न मुद्दाहरु तलको चार्टमा प्रस्तुत गरिएको छ ।

**Chart No. 1.1**
**Coverage of Issues**




विभिन्न मुद्दाहरुले समेटिएको क्षेत्र हेर्दा हाम्रा साथीहरुले पठाउनुभएको सामाग्रीहरुलाई हामीले १९ विषयमा विभाजन गरेका छौं । यसमा लगभग १५ प्रतिशत बाल श्रमिक जो विभिन्न क्षेत्रहरु जस्तै ईटा भट्टा, ढुङ्गा खानी, चिया बगान, भरीया, घरेलु श्रम, होटल तथा रेष्टुरेन्ट आदिमा काम गरिरहेका बालबालिकाहरुको मुद्दा उठान गरेको हामीले पायौं । त्यस्तै गरी ५.६ प्रतिशतले बाल विवाह र ५.२ ले विभिन्न आधारमा हुने भेदभाव जस्तै जात, वर्ग, लिङ्ग, शैक्षिक क्षमता, पृष्भूमि आदि भेदभावको बारेमा मुद्दा उठान गरेका छन् । बाल्यअवस्थामा हुने अपाङ्गताका बारेमा लगभग ४ प्रतिशत ले उठान गरेका छन् । त्यस्तै गरी सम्पूर्ण १८ मुद्दाहरुमा लगभग आधा साथीहरुले आफ्ना रचना मार्फत १ वा १ भन्दा बढी विषय उठान गरेको पाएका छौ. । हाम्रा धेरै साथीहरुले आफ्नो बुझाई अनुसार बालबालिका तथा बालिकाकाको सन्दर्भमा बहु मुद्दाहरु प्रस्तुत गर्नुभएको छ । लगभग आधा जस्तो (४५.६ प्रतिशत) हाम्रा साथीहरुले आफ्ना रचनाहरुमा बालबालिकाको सवालमा दुई भन्दा बढी मुद्दाहरु प्रस्तुत गरेका छन् । यसमा आधारित रहेर के भन्न सकिन्छ भने बाल केन्द्रित प्रतिवेदन प्रस्तुति प्रक्रियाका क्रममा बालबालिकाका मुद्दाहरु गहन रुपमा उठान भएको छ ।

## १.५ हामी यस प्रतिवेदन मार्फत कसबाट के योगदानको अपेक्षा गर्दछौं ?

### १.५.१ सहजीकरण गर्ने संस्थाहरुबाट

हामीले यो प्रतिवेदन यसमा कुनै परिवर्तन नगरी सिआरसि कमिटिमा बुझाउने तथा बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन ल्याउनका लागि सम्बन्धित निकायमा यस प्रतिवेदनको प्रयोग गरी दबाव दिने अपेक्षाका साथ तयार गरेका हौं । कन्सोर्टियम-नेपालले पनि यस प्रतिवेदनमा अपेक्षा गरिएका कार्यक्रमहरु सरकारी निकायसँगको समन्वयमा कार्यान्वयन गरिदिनु पर्दछ ।

### १.५.२ नेपालमा बाल अधिकारको क्षेत्रमा कार्यरत संस्था तथा सञ्जालहरुबाट

यस प्रतिवेदनले बाल श्रममा संलग्न बालबालिका, विभिन्न क्षेत्रका बालबालिकाहरु जसले आफ्नो बाल्यपनमा रमाउन पाएका छैनन् तथा जसलाई संरक्षणका लागि विशेष ख्यालको आवश्यकता पर्दछ ती बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन ल्याउनका लागि सहयोग गर्नेछ भन्ने हामी भित्री भावबाट नै अपेक्षा गर्दछौं । त्यसैले हामी बाल अधिकारको क्षेत्रमा कार्यरत सम्पूर्ण संस्था तथा सञ्जालहरु अगाडी आउँनेछन्, अझ प्रतिवद्ध हुनेछन् र बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन ल्याउनका लागि सिर्जनशील योजनाहरु ल्याउने छन् र यसबाट कुनै पनि बालबालिकाहरु आफ्ना अधिकारबाट विमुख हुने छैनन् र आफ्नो जीवनको नेतृत्व लिने छन् भन्ने अपेक्षा गर्दछौं ।

### १.५.३ सिआरसि कमिटिबाट अपेक्षा

सिआरसि कमिटिले राज्य पक्षको प्रतिवेदनमाथि छलफल गरिरहँदा हामीले उठान गरेका मुद्दा तथा सवालहरु नेपाल सरकारसँग छलफल गर्नुपर्दछ । हामी सिआरसि कमिटिले हामीलाई नेपाल सरकारलाई दिएको सुझावहरुका बारेमा पनि जानकारी गराउने छ भन्ने आशा गर्दछौं । यस भएमा हामीले सुझावहरु कार्यान्वयन भए नभएको अनुगमन गर्न सक्दछौं । त्यसका साथै हामी बालबालिकाहरुले गनेका असल अभ्यासहरुको एक अंश पनि बन्न सक्दछौं तथा अन्य राष्ट्रका लागि उदाहरण पनि बन्न सक्दछौं राख्दछौं ।

### १.५.४ हाम्रो सरकारबाट अपेक्षा

यस प्रतिवेदनलाई नेपाल सरकारसँग पनि पुऱ्याइने छ जसले गर्दा भविष्यमा बालबालिका सम्बन्धित नीति तथा कार्यक्रमहरु तर्जुमा सहयोग पुग्न सकोस् । हामीले हाम्रो सरकारलाई पनि केही सुझाव दिएका छौं जसका आधारमा नीति निर्माण गरी बालबालिकाको भलाईका निमित्त कार्यान्वयन गरिनेछ भन्ने अपेक्षा पनि राखेका छौं ।

## १.६ हामीले यस प्रतिवेदनलाई कसरी व्यवस्थित गऱ्यौं ?

हामीले यस प्रतिवेदनमा विभिन्न मुद्दाहरुलाई दोहोरो विश्लेषण तथा मूल्याङ्कनका लागि उठान गरेका छौं जसले गर्दा सम्बन्धित संस्थाहरुबाट ती मुद्धाहरुमा उपयुक्त ध्यान पुग्न सकोस् । प्रत्येक मुद्धालाई विभिन्न खण्डहरुमा विभाजन गरिएको छ र प्रत्येक खण्डले बालअधिकारसँग सम्बन्धित विशेष व्यवस्थाको वर्णन गरेको छ । प्रत्येक खण्डमा हामीले देखेको वर्तमान अवस्थाको बारेमा पनि उल्लेख गरिएको छ । साथै प्रत्येक खण्डको अन्तमा हामीले आगामी पाँच वर्षका लागि नेपाल सरकारलाई सुझाव पनि दिने प्रयास गरेका छौं ।

# २. बालअधिकार महासन्धि कार्यान्वयनका लागि पछिल्ला वर्षहरुमा नेपाल सरकारबाट भएका नीतिगत प्रयासहरु

## २.१ नेपालको अन्तरिम संविधान २०६३

नेपालको अन्तरिम संविधान २०६३ले बाल अधिकारलाई मौलिक हकको रुपमा स्वीकार गरेको कुरा हामीलाई थाहा छ । संविधान आफैले बालबालिकाको अधिकारलाई सुनिश्चित गरेको यो नै पहिलो पल्ट हो । संविधानको धारा २२ ले बालबालिकाको पहिचानको हकको सुनिश्चित गरेको छ साथै सडक बालबालिका, अभिभावकको स्याहार विहिन बालबालिका तथा दुर्व्यवकार तथा शोषणमा परेका बालबालिकाको सुरक्षा पनि राज्यको दायित्व हुनेछ भनि उल्लेख गरिएको छ । साथै संविधानले नै बालबालिकालाई सशस्त्र समूहमा प्रयोग गर्न नपाईने कुराको उल्लेख गर्नुका साथै शिक्षाको अधिकार पनि समावेश गरेको छ ।

## २.२ बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९

नेपाल सरकारले आफ्नो इतिहासमा पहिलो पटक वि.सं २०६९ सालमा बालबालिका सम्बन्धि राष्ट्रिय निति समावेश गरेको कुरा हामीलाई थाहा छ । यो निती नेपालका सम्पूर्ण बालबालिकाका लागि उपयुक्त वातावरण बनाउनका लागि निर्माण गरिएको हो भन्ने कुरामा हामी विश्वस्त छौं । यस नीतिमा नेपाल सरकारले बालबालिकाको बचावटको अधिकार, विकासको अधिकार, संरक्षणको अधिकार तथा सहभागिताको अधिकारलाई प्राथमिकता दिइएको छ ।

बाल सहभागिताको सन्दर्भमा कुरा गर्नुपर्दा, बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ले हामी बालबालिकासँग सम्बन्धित सम्पूर्ण मुद्दाहरुमा बालबालिकाहरुलाई आफ्नो विचार व्यक्त गर्ने मौका प्रदान गर्नु पर्दछ भन्ने व्यवस्था गरेको छ । त्यस्तै गरी सरकारी निकाय, गैह्र सरकारी संस्था तथा सामुदायिक संस्थाले कार्यान्वयन गर्ने योजना तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन तथा मूल्यांकनका सन्दर्भमा बालबालिकाको सहभागिताको सुनिश्चितताका लागि उपयुक्त व्यवस्था गर्नका लागि पनि य नीति केन्द्रित रहेको छ । साथै यसले समुदाय तथा विद्यालयमा बाल क्लब खोल्न तथा परिचालन गर्न र संस्थागत स्याहारमा रहेका बालबालिकाहरुको सामुहिक विचार व्यक्त गर्नका लागि उपयुक्त मौका दिनुपर्ने कुरालाई प्रथामिकताका साथ उल्लेख गरेको छ ।

बालबालिकाको संरक्षणको कुरा गर्नुपर्दा, बालबालिका सम्बन्धी राष्ट्रिय निती मुख्यत बालबाबालिका माथि हुने विभिन्न किसिमका दुर्व्यवहार र शोषण, भेदभाव र हिंसाका साथै बाल विवाहबाट बालबालिकालाई संरक्षण गर्ने कुरामा केन्द्रित रहेको छ । साथै विभिन्न जोखिममा रहेका समूहहरु जस्तै बाल श्रमिक, सडकमा आधारित बालबालिका, अपाङ्गतामा रहेका बालबालिका, पारिवारिक स्याहार बिहिन बालबालिकाको संरक्षण पनि यस नीतिको प्राथमिक सरोकार रहेको छ । बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ ले बालबालिकाको पहिचानको हकको सुनिश्चितताको लागि जन्म दर्ताको मुद्दालाई माध्यमको रुपमा ग्रहण गरेको छ ।

यसैगरी बाल विकासको अधिकारसँग सम्बन्धित नीतिहरुमा निशुल्क स्वास्थ्य सेवा, माद्यमकि तह सम्म निशुल्क शिक्षा, बालबालिकाको पोषणको स्तर सुधारका लागि कार्यक्रमहरु र प्राथमिक बाल विकास केन्द्रको स्थापनाको सवालहरु उठान गरिएको छ । हामीलाई विश्वास छ, बालबालिका सम्बन्धी नीति २०६९ ले लिएका लक्ष्य प्राप्तिका निमित्त विभिन्न कार्यक्रमहरु तथा संयन्त्रहरुको कार्यान्वयन गरिनेछ । यसैगरी बालबालिका तथा वयस्कहरु लक्षित गरी बाल अधिकारसम्बन्धी सचेतनाका निमित्त प्रयासहरु गरिने, विद्यालयको पाठ्यपुस्तकमा बाल अधिकारको विषय समेटिने लगायत नियमित रुपमा प्रजनन् स्वास्थय शिक्षा सञ्चालन गरिनेछ भन्ने आशा गरेका छौ । सरकारले पनि बालबालिकालाई दुर्व्यवहार, शोषण र हिंसाबाट जोगाउन कडा नीति लिनेछ र विद्यालयलाई शान्ति क्षेत्रका रुपमा सुरक्षित राख्ने कार्य गर्नेछ ।

## २.३ बालबालिका सम्बन्धि ऐन २०४८

हामीलाई थाहा छ, बालबालिका सम्बन्धि ऐन २०४८ हामी बालबालिकाको अधिकारसँग सम्बन्धित तथा बाल संरक्षण तथा उनिहरुको हित सम्बन्धी एक मात्र एकीकृत ऐन हो । यस ऐनले हाम्रा अभिभावकहरु समक्ष आफ्नो आर्थिक क्षमताअनुसार हामीलाई शिक्षा, स्वास्थ्य स्याहार, खेल तथा मनोरञ्जन सुविधा दिनका लागि बाध्यकारी व्यवस्था गरेको छ । हामीलाई थाहा छ यस ऐनले प्रत्येक बालबालिकालाई आफूले मान्दै आएको रिती रिवाज, संस्कृति तथा धर्म अनुसार नाम रहने व्यवस्था गरेको छ । हामीलाई यस ऐनले छोरा र छोरी बिच हुने विभेद, छोरा र छोरीमा शिक्षा, स्वास्थ्य तथा पालनपोषणका आधारमा हुने विभेद निशेध गरेको कुरा पनि थाहा छ ।

यस ऐन अनुसार केन्द्र तथा जिल्ला तहमा केन्द्रिय बाल कल्याण समिति तथा जिल्ला स्तरमा जिल्ला बाल कल्याण समिति गठन गरिएका छन् । यस ऐनले सुनिश्चित गरे  अनुसार हामी कुनै पनि बालबालिकालाई स्याहारको निर्णय लिंदा कुनै पनि बालबालिकालाई आफ्नो अभिभावकसँग बस्ने अधिकार छ र यो नै उनीहरुको स्याहारको पहिलो प्राथमिकता पनि हो भन्ने पनि हामीलाई थाहा छ ।

## २.४ बालबालिका सम्बन्धि राष्ट्रिय रणनीति २०६८ र यसको सञ्चालन कार्यविधि २०६८

नेपाल सरकारले स्थानीय स्तरमा शुसासन प्रवर्द्धन गर्न तथा स्थानीय सरकारलाई बाल अधिकार प्रवर्द्धन गर्नका लागि उत्तरदायी बनाउन बाल मैत्री स्थानीय शासन रणनीति लागू गरेको छ । यस रणनीतिको भावना अनुसार, गाउँ विकास समिति तथा नरपालिकाहरुले बाल केन्द्रित योजना तथा कार्यक्रमहरुको तर्जुमा गरी लागू गर्न शुरु गरेका छन् । गा.वि.स तथा नगरपालिकाहरुले बालबालिकाको शसक्तीकरण तथा बाल अधिकार प्रवर्द्धनका लागि १० प्रतिशत बजेट विनियोजन गर्न थालेका छन् । यो व्यवस्थाबाट हामी खुशी छौं । गा.वि.स तथा नगर परिषद्मा बाल क्लबका सदस्यहरुलाई प्रतिनिधिको रुपमा आमन्त्रण गरिएका थुप्रै उदाहरणहरु छन् । कतिपय गा.वि.स तथा नगर स्तरीय बाल मैत्री स्थानीय शासन समितिमा बाल क्लबका सदस्यहरु प्रतिनिधिहरुका रुपमा रहेका छन् । त्यसैले हामी बाल मैत्री स्थानीय शासन कार्यान्वय प्रक्रियाले गा.वि.स तथा नगरपालिकामा हामीसँग सम्बन्धित विषयहरुमा अर्थपूर्ण बाल सहभागिता प्रवर्द्धन गर्नेछ भन्ने कुरामा विश्वास गर्दछौं ।


# ३. नेपालमा बालबालिकाको विचारको कदर र विना भेदभावको अवस्था

## ३.१ विना भेदभाव

नेपालका बालबालिकाको अवस्था २०१३ का अनुसार बालबालिका माथि हुने विभिन्न भेदभावहरुमा जम्मा ७३ केशहरु जानकारीमा आएका थिए । जसबाट जम्मा ७५ बालबालिकाहरु आहत भएका थिए जसमा ५६ जना बालिका र १३ जना बालकहरु थिए भने ६ बालबालिकाहरुको लिङ्ग उल्लेख गरिएको थिएन । जम्मा जानकारीमा आएका ७३ केशहरुमा :

- ४८ वटा केशहरु लिङ्गका आधारमा हुने भेदभावका बारेमा
- १० केशहरु जातकाका आधारमा हुने भेदभावका बारेमा
- ६ वटा केशहरु अपाङ्गतामा रहेका बालबालिकालाई गरिने भेदभावका बारेमा
- ७ वटा केशहरु ज्क्ष्ख संक्रमित भएका आधारमा गरिने भेदभावका बारेमा
- २ वटा केशहरु अरु प्रकारका भेदभावका बारेमा

### ३.१.१ हामीले कस्तो अवस्था अवलोकन गर्‍यौं ?



*चित्र २ : लैङ्गिक भेदभावको ठोस उदाहरण : छोरा विदालय जाँदै गरेको र छोरी भास दाउरा गर्न जङ्गल जादै गरेको । चित्र लेखन : श्री जनता उच्च मावि, पर्वतमा कक्षा ८ मा पढ्दै गरेका एक बालक*

जातजाति, वर्ग, लिङ्ग, उमेरका आधारमा हुने भेदभावहरु हाम्रो समाजमा अझैपनि विद्यमान रहेको छ । अझै पनि परिवारमा छोरा तथा छोरीका लागि फरक फरक भूमिकाहरु तोकिएका छन् । धेरै अभिभावकहरुले अझै पनि आफ्ना छोरीहरुको राम्रो कुराको पहिचान गरेका छैनन् भने छोराहरु गलत नै भएको अवस्थामा पनि त्यसलाई स्वीकार गरिएको पाइन्छ । आफ्नो शरीरको क्षमताले नस्कने गरी घरायसी कामको जिम्मेवारी दिइन्छ । केही बालिकाहरु अझै पनि शिक्षा पाउने अधिकारबाट वञ्चित रहेका छन् । विद्यालय जाने बालिकाहरुले समेत भेदभाव सहनुपरेको छ । बालिकाहरु भविष्यमा दुलही भएर अर्काकृ घरमा जान्छन् भनी उनीहरुलाई शिक्षा तथा अरु अवसरहरुमा कम महत्व दिइन्छ । सामान्यतया बालकहरुलाई अंगेजी माध्यमको निजी विद्यालयमा पठाइन्छ भने बालिकाहरु नेपाली माध्यमको सरकारी विद्यालयमा नै रहन्छन् । हाम्रो सन्दर्भमा निजी विद्यालयहरु गुणस्तरीय शिक्षाका लागि सिफारिस गरिन्छ ।

छाउपडी प्रथा अझै पनि सुदुर पश्चिम क्षेत्रमा मौलिक प्रथाको रुपमा विद्यमान रहेको छ जसमा बालिका तथा महिलाहरुलाई महिनावारीको समयमा छाउगोठमा राख्ने गरिन्छ ।

**छोरीका दु:ख**

मलाई पढ्न पठाउनुस् आमा बा
मलाई स्कुल जाने छ रहर
घर फर्की आउने छु
धेरै राम्रा कुरा सिकेर ।

दाजुभाइ स्कुल जाँदै छन्
मलाई किन भेदभाव गर्नुभो ?
खेतबारीको कामकाज गर्दैमा
स्कुल जाने समय बितिगो ।

वनमा फूल्यो फूल
छोरीलाई हेपेर नगर्नूस् है भुल ।

आमाबाबा छोरा नै नखोज्नूस्
छोरीले नि गर्नेछन् किरिया ।

कक्षा ९मा पढ्ने एक बालिका
स्टार बाल क्लब, मणिकापुर ६, बाँके

जात तथा वर्गका आधारमा हुने भेदभाव नेपाली समाजको संस्कृति तथा संरचनामा जरा गाडेर बसेको अर्को सामाजिक समस्या हो । दलित समुदायका बालबालिकाहरुको विद्यालयमा भर्नादर तुलनात्मक रुपमा कम रहेको पाइन्छ ।

वर्गको आधारमा हुने भेदभावका थुप्रै घटानहरु भएता पनि तिनीहरुको तथ्यांक पाउन कठिन छ ।

विद्यालयमा बालबालिकाहरुलाई उनीहरुको शैक्षिक क्षमताका आधारमा भेदभाव हुने गरेको छ । नेपालका प्राय जसो विद्यालयमा शिक्षकहरुले आफ्नो शिक्षणको क्रममा कक्षा कोठामा केही तुलनात्मक रुपमा जेहेन्दार विद्यार्थीलाई ध्यान दिने कुरा सामान्य रहेको छ । यस्ता घटनाहरु केही कम्लहरी बालिकाहरुले व्यक्त गरेका छन् जसले कक्षाकोठामा अरु विद्यार्थीहरुको तुलनामा शिक्षामा कमजोर भएको आधारमा शिक्षकहरुबाट भेदभाव सामना गर्नु परेको छ । यसो हुनुको कारण कम्लहरी बालिकाहरु आफ्ना कक्षाका अरु विद्यार्थी भन्दा ढिलो विद्यालय भर्ना हुनु रहेको छ ।

## ३.१.२ हाम्रा सुझावहरु

- बालिकाहरुलाई आफ्ना अधिकार प्राप्तिका लागि सशक्तीकरण गर्नुपर्दछ । उनीहरुको अभिभावकहरुको क्षमताको आधारमा बालिकाहरुलाई पनि बालकहरु सरह शिक्षा प्राप्तिका निमित्त बराबरी मौका दिइनु पर्दछ । बालिकाहरुलाई घरायसी काममा मात्र सिमित नराखी उनीहरुको शिक्षा तथा जीवनोधारका लागि उत्प्रेरित गर्नु पर्दछ ।
- छाउपडी प्रथा उन्मुलनका लागि नितिगत तहका कार्यक्रमहरु तथा निर्णयहरु आवश्यक पर्दछ । बालिकाहरुलाई महिनावारी चत्रका बेलामा बास्तविक रुपमा माया, स्नेहका साथै पोषिलो खानाको आवश्यकता पर्दछ ।
- प्रत्येक मानव नाम, जात, पृष्ठभूमि, लिङ्ग तथा अरु कुनै विभाजनका आधारमा पनि समान हुन् भन्ने भावना विकासका लागि प्रयासहरु गरिनु पर्दछ ।
- मध्यम तथा निम्न शैक्षिक क्षमता भएका विद्यार्थीहरुलाई विशेष ख्याल राख्दै गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि शिक्षकहरुलाई तालिम प्रदान गर्नु पर्दछ ।
- कमजोर आर्थिक स्थिति भएका बालबालिका तथा तिनका परिवारलाई बालिकाको पढाइमा उत्साहित गराउनका लागि आवश्यक सहयोग गर्नु पर्दछ ।
- नेपालका सम्पूर्ण भौगोलिक क्षेत्रमा रहेका प्रत्येक बालबालिकाहरुलाई समान अवसर दिनु पर्दछ ।

## ३.२ बालबालिकाको विचार तथा भावनाको कदर

नेपालमा बालबालिकाको स्थिति २०१३ अनुसार जस्मा १७,८६४ बालक्बहरु गठन भई सञ्चालनमा रहेका छन् । आवद्ध बालबालिको संख्याको कुरा गर्दा यी बालक्लबहरुमा जम्मा ४,०३,५५३ बालबालिकाहरु सदस्यका रुपमा आबद्ध छन् जसमा १८८,५८३ बालिका तथा २१४९७० बालकहरुको संख्या रहेको छ ।

### ३.२.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

बालबालिकाको सहभागिताको अधिकार सुनिश्चिततताका लागि नेपाल भरी बाल क्लबको ठूलो अभियान जारी छ । बालक्लब बालबालिकाले नेतृत्व गरेका संस्था भएकाले आफ्ना विचार तथा भावना दिनका लागि धेरै सजिलो छ र बालबालिकाको सामूहिक आवाजको रुपमा धेरै जसो मञ्चहरुमा स्वीकार पनि गरिएको छ । तिनीहरु आफ्ना अधिकार माग गर्न सक्षम छन् । तर बालबालिका एक्लो भएको अवस्थामा चाहे त्यो परिवारमा होस् वा समुदाय अथवा ठूलो समाज वयस्कहरुले बालबालिकाको आवज सुन्ने र उनीहरुको भावना कदर गरेको स्थिति कमै भएको पाइन्छ ।

### ३.२.२ हाम्रा सुझावहरु


बालबालिकाहरु परिवर्तनका बाहक भएकाले उनीहरुसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरुमा समुदायमा अर्थपूर्ण सहभागितालाई ख्याल राख्दै उनीहरुलाई अवसर तथा स्थान दिइनु पर्दछ ।

- बालबालिकाका लागि कार्यक्रमहरुको आयोजना गर्दा सीमान्तकृत समूहका बालबालिकाहरु सहित सम्पूर्ण क्षेत्रका बालबालिकाहरुको समावेशी सहभागिताको आवश्यकता पर्दछ । उनीहरुलाई बालबालिकासँग सम्बन्धित नीति तथा कार्य योजनाको बारेमा जानकारी गराइनुपर्दछ ।
- नयाँ संविधान निर्माण गर्ने प्रक्रियामा बालबालिकाले व्यक्त गरेका विचार तथा भावनाहरु ख्याल गरिनु पर्दछ ।
- कार्यान्वयनका तरिकाहरुको विकास गरी बालबालिकासँग सम्बन्धित कानुनलाई प्रभावकारी ढंगमा लागू गर्नु पर्दछ ( परिभाषित प्रक्रियाहरु, सम्बन्धि कार्यालयहरुको क्षमता विकास तथा स्रोतको व्यवस्था)
- बाल क्लबको संख्या बृद्धिसँगै बाल क्लब तथा तिनका सञ्जालहरुको गुणस्तर बृद्धिका लागि प्रयास गर्नुपर्दछ । बाल क्लबलाई सहजीकरण गर्ने संस्था तथा सञ्जालहरु जस्तै कन्सोर्टियम नेपालले तालिम प्याकेजको विकास गर्नुपर्दछ र बाल क्लबका सदस्यहरुको क्षमता विकास गर्नुपर्दछ जसबाट बाल क्लबका प्रत्येक सदस्यहरु लाभाविन्त हुनसकुन् । यसले बाल क्लबका प्रत्येक सदस्यको विकास गर्न र मुद्धाहरुमा ध्यान दिनुका साथै आफ्नो व्यक्तित्व विकासमा पनि सहयोग गर्दछ ।
- बाल क्लबका मार्गनिर्देशलाई थप परिभाषित गरिनु पर्दछ जसले गर्दा अर्थपूर्ण सहभागिताको बारेमा सम्पूर्ण बालबालिका जानकार हुनेछन् र उनीहरुले आफ्नो अर्थपूर्ण सहभागिताको खोजि गर्नेछन् ।

# ४. पारिवारिक स्याहार तथा अभिभावक विहिन बालबालिका

## ४.१ माया, स्याहार र परिवारमा सहयोग

### ४.१.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?



चित्र ३ : एक बालिकाले उपयुक्त र प्रेम पूर्ण पारिवारिक वातावरण पाएको । चित्र लेखन : सुन्दर बाल क्लब सञ्जाल दैलेखका एक बालक

हामी आफूले आफैलाई फूलसँग तुलना गर्दछौ.जो निकै नै कमजोर हुन्छ र यसलाई सुरक्षित तथा संरक्षित राख्नका लागि सावधानी पूर्वक स्याहार गर्नु पर्दछ । यदि यसलाई राम्रोसँग ख्याल गरिएन भने यो राम्रो सँग फुल्न सक्दैन । यसैगरी बालबालिकालाई पनि राम्रो हेरचाह, माया र स्याहार दिएमा तिनीहरु फूल जस्तै राम्ररी फुल्न सक्दछन् । बालबालिकाको जीवनमा अभिभावकहरुको माया निकै नै महत्वपूर्ण पक्ष हुनुका साथै यो जीवनको खजना पनि हो । प्रत्येक बालबालिकाले आफ्ना अभिभावक तथा परिवारबाट उचित स्याहार पाउनु उनीहरुको अधिकार पनि हो । सामान्यतया प्रत्येक अभिभावकले कुनै पनि अवस्थामा आफ्ना सन्ताहरुलाई माया नै गर्दछन् । त्यसको बदलामा बालबालिकाहरुले पनि आफ्नो परिपक्वताका आधारमा आफ्नो घर तथा परिवार प्रति आफ्नो कर्तव्यको बारेमा बुझ्दछन् र त्यसलाई पूरा गर्ने प्रयास गर्दछन् । गरिबीका कारण अभिभावकहरुलाई आफ्ना बालबालिकाको आवश्यकता पूरा गराउन समस्या परिरहेको छ ।

यति हुँदाहुदै पनि, बहुविवाह (कुनै एक अभिभावकको)ले गर्दा बालबालिकाको वर्तमान तथा भविष्य खतरामा पारेको छ । त्यसै गरी अभिभावकको दुर्व्यसन तथा मद्यपानले गर्दा पारिवारिक हिंसाका घटना हुनुका साथै परिवार छुट्टिएका पनि छन् ।

## ४.२ अभिभावक तथा परिवार बिहिन बालबालिका

नेपालमा बालबालिकाको अवस्था २०१३ अनुसार पारिवारिक स्याहार बिहिन ८,१२५ बालबालिका, २०,५४९ वयस्क बिहिन परिवार र २,३१२ ठूलो पारिवारिक स्याहारमा बसेका बालबालिका सहित गरी जम्मा ३९,८८८ बालबालिकाहरु अभिभावक बिहिन छन् । त्यस्तैगरी जम्मा ७९७ संस्थागत बाल गृहहरु ४७ जिल्लामा सञ्चालित छन् जसले १५,२१५ बालबालिकाहरलाई संस्थागत स्याहार दिइरहेका छन् । यसमा ७,१८३ बालिकाहरु छन् भने ८,०३२ बालकहरु छन् ।

### ४.२.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

> **घटना अध्ययन**
>
> कलिलै उमेरमा मैले आमा बा गुमाएँ । त्यति बेला दिदीको पनि बिहे भइसकेको थियो र उहाँले मेरो हेरचाह गर्ने अवस्था थिएन । त्यसैले म धेरै वर्षसम्म अरूका घरमा काम गरेर बसेँ । आमा बाको निधन अघि मेरो पढाइ राम्रो थियो । मलाई काममा राख्ने साहुले नजिकैको सार्वजनिक स्कुलमा भर्ना गरिदिए । तर मेरो पढाई प्रति उनको कुनै चासो थिएन । कक्षा ५मा हुँदा म एउटा दुर्घटनामा परेँ, गाईबस्तुका लागि कुँडो पकाउँदा मलाई पोल्यो । मलाई अस्पताल त लगे तर राम्रो उपचार हुन सकेन, किनकि साहुले मेरा लागि धेरै पैसा खर्च गर्न चाहेनन् । त्यसैले मेरो जिन्दगी दुःखमा बित्नेभो । दैनिक क्रियाकलाप गर्ने गाह्रो पर्ने भो, पढाइ त परको कुरा । अलि पछि, मेरी दिदी भेट्न आउनुभो र मलाई सहयोग गर्ने निर्णय गर्नुभो । मलाई आफूसँगै सहर लैजानुभो, आवश्यक उपचार गराइदिनुभो र उचित हेरचाह दिनुभो । मेरो भविष्य राम्रो बनोस् भनेर यतिबेला मेरो शिक्षामा दिदीले सहयोग गरिरहनु भएको छ ।
>
> मकवानपुर जिल्लाकी एक बालिका

कुनै एक तथा दुवै अभिभावकको असामयीक निधन भएको अवस्थामा बालबालिकाहरु सहारा बिहिन हुन पुग्दछन् । कतिपय बालबालिकाले घर छोड्छन्, कतिपय हात मुख जोड्ने समस्या समाधान गर्नका लागि श्रममा संलग्न हुन्छन् भने कोहीले सहरी क्षेत्रका सडकहरुमा आफ्नो सहारा खोज्दछन् । ती बालबालिकाहरु जो घरमा नै रहन्छन् उनीहरुले आफूभन्दा सानो प्रति आफ्नो कर्तव्य पूरा गर्नुपर्ने हुन्छ जुन भविष्यमा गएर घरकै नेतृत्व सम्हाल्छन् । कतिपय बालबालिकालाई घरायसी कामदारका रुपमा पनि श्रम गर्न पठाइन्छ जहाँ उनीहरुको भविष्य सुनिश्चित हुँदैन । एक जना हाम्रो साथीले हामीलाई शिक्षाका लागि उसले गरेका संघर्षको बारेमा आत्मकथा लेखेर पठाउनु भएको छ । यसको सारंश सँगैको बाकसमा राखिएको छ । धेरै अभिभावक बिहिन बालबालिकाहरुलाई शिक्षा र स्वास्थ्य स्याहार जस्ता आफ्नो आधारभूत सेवाहरु पूरा गर्नका लागि संस्थागत बाल गृहहरुमा पनि सिफारिस गर्ने गरिन्छ । तैपनि संस्थागत बाल गृहहरुमा थुप्रै यस्ता बालबालिकाहरु छन् जो हुनुहैन थियो तर जसलाई संस्थागत स्याहारको आवश्यकता छन् उनीहरु त्यहाँ भित्र छैनन् ।

कतिपय संस्थागत बालगृहहरुको भौतिक अवस्था तथा सेवाहरु निकै कमजोर छन् । त्यस्ता संस्थागत बाल गृहहरुमा सरसफाईको उचित व्यवस्था छैन । ति संस्थागत बाल गृहहरु चन्दा भनेर संकलन गरिएका रकमहरुबाट सञ्चालित छन् ।

### ४.२.२ हाम्रा सुझावहरु

- जिल्ला बाल कल्याण समिति र अन्य सम्बन्धित कार्यालयहरुले वास्तविक रुपमा संस्थागत स्याहारको आवश्यकता भएका बालबालिकालाई मात्र संस्थागत बाल गृहहरुमा सिफारिस गर्नुपर्दछ ।
- नगर तथा गा.वि.स तहमा बाल संरक्षण प्रणालीलाई सशक्त बनाउनका लागि नगरापलिका तथा गा.वि.सहरुले सक्रिय भूमिका खेल्नु पर्दछ र अभिभावक विहिन बालबालिकाहरुलाई आधारभूत सेवाहरु प्रदान गर्दै मृत्युका कारण अभिभावक तथा परिवार विहिन बालबालिकालाई उचित प्रकारको बैकल्पिक स्याहार र संरक्षण दिनका लागि सिफारिस गर्नुपर्दछ ।
- सम्बन्धित कार्यालयहरुले संस्थागत बाल गृहका कर्मचारीहरुलाई बाल मैत्री व्यवहार तथा सीप विकास गर्नका लागि तालिम सहयोग गर्नुपर्दछ ।
- संस्थागत बाल गृहहरुले सञ्चालन गर्नुपूर्व संम्बन्धित सरकारी निकायबाट स्वीकृति लिनु पर्दछ । नेपाल सरकारले पनि सरकारको स्वीकृति बिना सञ्चालित बाल गृहहरु बन्द गर्न सक्नुपर्दछ ।

## ४.३ सडकमा आधारित बालबालिका

> नेपालमा बालबालिकाको अवस्था २०१३ अनुसार जम्मा २,९५८ सडकमा आधारित बालबालिकाहरु छन् जसमा २,७४० बालक तथा २१८ बालिकाहरु छन् ।

### ४.३.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

सडकमा आधारित बालबालिकाले धेरै समस्याहरुको सामना गर्नु परेको छ । उनीहरु शिक्षा तथा स्वास्थ्य स्याहारबाट वञ्चित हुनु परेका छ । टुहुरा भएका बालबालिका र सडकमा आधारित बालबालिकाको प्रत्यक्ष सम्बन्ध रहेको छ । अधिकांश यी बालबालिकाले आफ्नो जिविकाका लागि फोहोर टिपेर, सडकमा मागेर र श्रमिकका रुपमा काम गरेर कमाउने गर्दछन् । आफ्नो जीवन शैली तथा सडकमा काम गर्ने अवस्थाकै कारण धेरै जसो सडकमा आधारित बालबालिकाले कतिपय सर्वसाधरणबाट लाञ्छना सहनुपरेको छ । लागू पदार्थको दुर्व्यसन तथा यसको लत सडकमा मा आधारित बालबालिकाको साझा समस्या नै हो । धेरै बालबालिकाले सानो उमेरमै यसको लत (लागूपदार्थ, रक्सी र गम सुघ्ने)को बानी विकास गरेका छन् । तर वास्तवमा सडकमा धकेलिनुको कारण र त्यसलाई समयमा नै समाधान गर्ने कारणहरुको खोजिका लागि धेरै कार्य भएको नै छैन ।

सडकमा रहेका हाम्रा धेरै साथीहरु आफ्नो दौतरीको दबाबबाट पनि त्यहाँ पुग्ने गरेका छन् । संस्थागत बाल गृहहरुमा सडकमा आधारित बालबालिकालाई आवासको सुविधा दिएता पनि सडकमा बस्ने बानी परेकाले उनीहरु त्यहाँबाट भाग्ने गरेका छन् ।

## ४.३.२ हाम्रा सुझावहरु

- नेपाल सरकारले प्रत्यक्ष रुपमा सडकमा आधारित बालबालिकाहरुलाई फाइदा पुग्ने खालका कार्यक्रमहरुको लागु गर्नुपर्दछ जसले उनिहरुलाई सडकमा पुग्नबाट रोकोस् ।
- सडक बालबालिकाको उद्धार, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनालाई प्राथमिक विषय बनाई नेपाल सरकारले कार्यक्रमहरुको तर्जुमा गरी लागू गर्नु पर्दछ ।
- सडकमा आधारित बालबालिकाको नियमित स्वास्थ्य जाँचको आवश्यकता पर्दछ ।
- सडकमा आधारित बालबालिकालाई संस्थागत बाल गृहमाबाट भाग्नबाट रोक्न उनीहरुको विचार र भावनाको कदर ।
- बालबालिकालाई संस्थागत स्याहार दिने नाममा उनीहरुको शोषण गर्नेहरुलाई कानुनी कारबाही गर्नुपर्दछ ।
- सडकमा आधारित बालबालिकाको समस्या उनीहरुसँग नै प्रत्यक्ष रुपमा कुरा गरी सम्बोधन गर्नु पर्दछ र योजनाहरु पनि त्यही अनुसार बन्नुपर्दछ ।
- विभिन्न नाम प्रयोग गरी सडकमा आधारित बालबालिकाहरुलाई लाञ्छना लगाउनु हुँदैन ।
- संस्थागत स्याहारका निमित्त छुट्टै सुविधाको व्यस्था गर्नुपर्दछ र सडकमाा आधारित बालबालिकाको पुनर्स्थापना भन्दा पहिले सामाजिकीकरण गर्नु पर्दछ ।

**सडक बालबालिका**

सडक मेरो घर हो, जहाँ मैले सम्पूर्ण बालापन बिताएँ
सोध्छु आफैँलाई : मेरी आमा को हुन् ? मेरा बा को हुन् ?

मलाई दुख लाग्छ,
जब कसैले मलाई खाते भन्छ
जब आफ्ना प्रतिभा र नयाँ विचार देखाउन सक्दिँन ।
मलाई नाच्न र गाउन मन छ,
म अरूजस्तै छु कि छैन जाँच्न मन छ ।

कहिले सडक त कहिले पेटीमा सुत्छु,
आफूले टिपेका प्लास्टिक बेचेर केही कमाउँछु,
त्यसैबाट खाने कुरा किन्छु र खान्छु ।
अनि भोक लाग्दा, फेरि प्लास्टिक खोज्न जान्छु ।

माया ममता कुन चराको नाउँ हो थाहा छैन मलाई
संसारको सबैभन्दा अभागी सम्झन्छु आफूलाई
सडक मेरो घर हो, जहाँ मैले सम्पूर्ण बालापन बिताएँ
सोध्छु आफैँलाई : मेरी आमा को हुन् ? मेरा बा को हुन् ?

सुनसरी, इटहरी ५स्थित श्री नवजीवन श्रमिक बाल समूहका २ बालक

# ५. स्वास्थ्य स्याहार र कल्याण

## ५.१ अपाङ्गतामा रहेका बालबालिका

नेपालमा बालबालिकाको अवस्था २०१३ अनुसार जम्मा १०,२५७ जना अपाङ्गतामा रहेका बालबालिकाले नेपाल सरकारद्वारा प्रदान गरिएको विभिन्न रङ्गको अपाङ्गता परिचय पत्र पाएका छन् । जसमा ५,५५८ जना बालक तथा ४,६९९ बालिकाहरु रहेका छन् । जम्मा ६२,१६० विभिन्न प्रकारका अपाङ्गतामा रहेका बालबालिका आधारभूत शिक्षाका (कक्षा १ देखि ८) लागि विद्यालयमा भर्ना भएका छन् जुन आधारभूत शिक्षाको समग्र भर्नादरको करिब १ प्रतिशत मात्र हो ।

### ५.१.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

अपाङ्गतामा रहेका बालबालिकाको विद्यालयमा भर्ना निकै नै न्यून रहेको छ र अझै पनि हाम्रा थुप्रै साथीहरु शिक्षाबाट वञ्चित रहेका छन् । विद्यालयमा अपाङ्गताका आधारमा हुने भेदभाव अझै देख्न सकिन्छ । विद्यालयमा अपाङ्गतामा रहेका बालबालिकालाई हेला गर्ने गरिन्छ । विद्यालय तथा अन्य सरकारी कार्यालयका भवन तथा संरचनाहरुका साथै बाटोघाटोहरु पूर्णरुपमा अपाङ्ग मैत्री छैनन् । त्यसैले अपाङ्गतामा रहेका बालबालिकाको गतिशीलता र आधारभूत सेवाहरु समक्ष पहुँच जहिले पनि मुद्दाको रुपमा रहेको छ । सर्वसाधारण अपाङ्गतामा रहेका बालबालिका तथा वयस्कहरुको मुद्दामा सचेत छैनन् उनीहरुले प्रयोग गर्ने भाषा र व्यवहार अपाङ्गतामा रहेका व्यक्तिहरु प्रति हेला गर्ने खालका छन् । त्यसै गरी अपाङ्गतामा व्यक्तिहरुका लागि छुट्याइएको बजेट (विशेष गरी गा.वि.स तथा नगरपालिकाहरुमा) अरु क्रियाकलापहरुमा खर्च गरिन्छ । सरकारी कर्मचारी लगायत थुप्रै व्यक्तिहरु अपाङ्गतामा रहेका बालबालिका तथा व्यक्तिहरु प्रति पर्याप्त मात्रामा सचेत छैनन् ।

अपाङ्गता

अपाङ्ग भएँ भन्दैमा मलाई नहेप
म पनि देशका लागि केही गर्नेछु
साथी हो, खेलौं, हाँसौं, रमाऔं ।

अपाङ्गताकै कारण,
कहिलेकाँहि आफ्नै जीवन भारी लाग्छ
तर हामीलाई सहयोग गर्नुभो भने
देश विकासमा हामी पनि सहयोग गर्न सक्छौं ।

हामी अपाङ्ग हौं, तर रगत त हाम्रो पनि रातै छ
पढिलेखी यो संसारको सेवा गर्नेछौं
अपाङ्ग भएँ भन्दैमा मलाई नहेप
म पनि देशका लागि केही गर्नेछु ।

*स्टार बाल क्लब, मणिकापुर ६, बाँकेका एक बालक*

### ५.१.२ हाम्रा सुझावहरु

- नेपालमा अपाङ्ग मैत्री वातावरण बनाउनका लागि सचेतना जगाउनका लागि नेपाल सरकारले पहल शुरु गर्नु पर्दछ । अपाङ्गतामा रहेका बालबालिकासँग अन्तरक्रिया गर्दा उनीहरुसँग गर्न हुने र नहुने कुराहरुको बारेमा सघन रुपमा सचेतना अभियानहरु आयोजना गर्नुपर्दछ ।
- सरकारी कार्यालयहरुमाा अपाङ्ग मैत्री संरचनाहरु विकास गर्नुपर्दछ जसले गर्दा सबैले पहुच पाउन सकुन् ।
- अपाङ्गतामा रहेका बालबालिकालाई विद्यालय जान उत्प्रेरित गर्नु पर्दछ र उपयुक्त सहयोग गर्नुपर्दछ ।
- सम्पूर्ण जिल्लाहरुमा अङ्गतामा रहेका बालबालिकाका लागि बनाइएको विशेष शिक्षा लागू गर्नुपर्दछ ।
- अपाङ्गतामा रहेका बालबालिका प्रति हुने सम्पूर्ण प्रकारका भेदभावहरुको अन्त्य हुनुपर्दछ र आफ्नो विकास तथा यस राष्ट्रको एक जिम्मेवार नागरिक भएको प्रमाणित गर्नका लागि अपाङ्गतामा रहेका बालबालिकाले बराबरी अवसर पाउनु पर्दछ ।

## ५.२ पिउने पानी र सरसफाई (विद्यालयको शौचालय सहित)

### ५.२.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

नेपाल सरकार सन् २०१७ भित्रमा प्रत्येक घरधुरी तथा विद्यालयहरुमा पानी तथा सरसफाईको सुविधा पुर्‍याउन प्रतिवद्ध छ र त्यही अनुसार कार्यहरु पनि लागू गरिएका छन् । वर्तमान अवस्थामाा प्राय जसो विद्यालयहरुमा पिउने पानीको सुविधा पुगेको छ तर पानी आपूर्तिको नियमितता र पानी पुर्‍याउने प्रणालीको मर्मत अर्को मुद्धाको रुपमा रहेका छन् । करिब २८ प्रतिशत विद्यालयहरुमा शौचालय पुगेको छ । प्रायजसो विद्यालयहरुमा बालक तथा बालिकाहरुका लागि छुट्टा छुट्टै शौचालयहरु छैनन् । किशोरावस्थामा बालिकाहरु विद्यालयमा नियमित रुपमा नआउने र विद्यालय छोड्नुको एउटा कारण भनेको लैङ्गिक मैत्री शौचालय नभएर पनि हो । भएका शौचालयहरु पनि पर्याप्त मात्रामा छैनन्  र पानीको अभावले गर्दा राम्रो अवस्थामा छैनन् । विद्यालयमा पानीको अभावले गर्दा सरसरफाई राम्रो बनाई राख्नका लागि कठिनाइ छ ।

### ५.२.२ हाम्रा सुझावहरु

- नेपाल सरकारले नेपालका प्रत्येक विद्यालयहरुमा पर्याप्त मात्रमा लैङ्गिक मैत्री शौचालयहरुको निर्माण भएको बारे सुनिश्चित गर्नुपर्दछ ।
- सरकार तथा गा.वि.स र नगरपालिकाहरुले प्रत्येक विद्यालयहरुमाा सुरक्षित पिउने पानी पुर्‍याउनका लागि काम गर्नु पर्दछ र विद्यालयमा पानीको समस्या हल गर्नका लागि पानीको बैकल्पिक स्रोत खोजि गर्नु पर्दछ ।

**सार्थकको पहल**

“सुस्मिता, म तिमीलाई एउटा सत्य कथा सुनाउँछु,” आफ्नो निलो झोलाबाट एउटा डायरी निकाल्दै नवीनले भन्यो । “यो कस्को कथा होला ?” डायरी देख्नेबित्तिकै मेरो मनमा जिज्ञासा लाग्यो । मैले उसको हातबाट डायरी खोसेँ ।
म डायरीका पेज पल्टाउँदै गएँ । एउटा पेजमा कोही ठूला पदका मान्छेले एउटा अर्को मान्छेलाई पुरस्कार दिएको फोटो थियो । फोटोमुनि त्यसको बारेमा लेखिएको थियो, “यो मेरो छोरा सार्थकको प्रयास हो । यसै दिन मेरो छोराले स्वच्छ पिउने पानी, सरसफाइ र स्वास्थ्यका लागि काम गर्न थाल्यो ।”
सार्थक दाइ घले गाउँमा बस्नुहुन्छ । हुने बिरुवाको चिल्लो पातजस्तै सार्थक दाइले सानै उमेरदेखि बाल विकास र अन्य क्षेत्रमा सामाजिक काम सुरु गर्नुभयो ।
एक पटक, हरि भन्ने बालक लडिबुडी गर्दै रुँदै थियो । सार्थक दाइले उसलाई किन रोएको भनेर सोध्नुभयो । हरिको पेट दुखेको रहेछ । दूषित पानीका कारण गाउँलेको स्वास्थ्य राम्रो नभएको सार्थक दाइलाई थाहा थियो । हरिको समस्या पनि त्यही थियो । यस घटनापछि यस समस्याको समाधानका लागि आफूले केही गर्नुपर्ने सार्थक दाइलाई महसुस भयो ।
उहाँले गाउँलेबीचमा आफ्नो अभियान सुरु गर्नुभो, तालिम दिनुभो । सडक नाटक गरेर दूषित पानीका असर र तिनको रोकथामका उपायबारे मानिसलाई सचेत बनाउनुभो । पानीका मूल वरिपरि खुला दिसा गर्नाले हाम्रो पानी फोहोर भएको हो, घर र वरिपरि सफाइ नगर्दा हामी बिरामी पर्छौं तथा घरमा शौचालय नहुँदा मानव दिसाबाट रोग फैलन्छन् आदि विभिन्न सन्देश दिनुभयो । ती समस्या रोकथामका उपाय र त्यसका लागि आफूले के गर्न सकिन्छ भन्ने विषयमा गाउँलेहरू थप कुरा जान्न उत्सुक भए ।
जवाफमा सार्थक दाइले भन्नुभो, “पानीजन्य रोगबाट बच्न हामीले मूल सफा राख्नुपर्छ । हरेक घरमा शौचालय हुनुपर्छ र यसको सही प्रयोग हुनुपर्छ । बालबालिकालाई सरसफाइ गर्ने बानी लगाउन सहयोग गर्नुपर्छ । उनीहरूलाई विद्यालय पनि पठाउनुपर्छ ।”
त्यसपछि सबै गाउँलेले आफ्ना छोराछोरी स्कुल पठाए । तर करिब १ वर्षपछि, बालबालिकालाई स्कुल जानै मन लागेन । अब सार्थक दाइलाई उनीहरू किन स्कुल जान मान्न छाडे थाहा पाउन मन लाग्यो । १३ वर्षकी एउटी बालिकाले भनिन्, “स्कुलमा केटा र केटीका लागि छुट्टै शौचालय छैनन् । शौचालयमा पानी पनि छैन र एकदमै फोहोर छ । शौचालयका भित्तामा फोहोरी चित्र बनाइएका छन् र कतिपय शिक्षकहरु नै बालबालिकामाथि दुर्व्यवहार गर्छन् ।” यो कुरा थाहा पाएपछि जिल्ला शिक्षा कार्यालय (जिशिका)सँग मिलेर सार्थक दाइले सबै शिक्षकका लागि बालमैत्री शिक्षणबारे तालिम आयोजना गर्नुभयो । जिशिका र विभिन्न गैर सरकारी संस्थासँग मिलेर बालक र बालिकाका लागि छुट्टै शौचालय बनाइयो । यी कामपछि बालबालिका फेरि स्कुल जान थाले । अनि स्कुल र गाउँका समस्या समाधान भए । सबै बालबालिका र वयस्क सुखी जीवन बाँच्न सक्ने भए ।
केही समयपछि परिवर्तनका लागि गाउँलेलाई प्रोत्साहन गरेबापत सार्थक दाइलाई सम्मान गरियो ।

*सन् २०१४मा भएको सरकारी र गैर सरकारी संस्थाका प्रतिनिधि, बाल अधिकारकर्मी तथा सरोकारवाला सहभागी बालबालिका नेतृत्वको प्रतिवेदनका लागि राष्ट्रिय परामर्श बाल भेलामा १४ वर्षकी एक बालिका र १३ वर्षका एक बालकले यो कथा लेखेका हुन् ।*

## ५.३ विद्यालयमा स्वास्थ्य शिक्षा र प्राथमिक उपचार

### ५.३.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो छ ?

विद्यालयको पाठ्यक्रममा स्वास्थ्य शिक्षा समावेश गरिएको भएतापनि बालबालिकाहरु अझ पनि स्वास्थ्य शिक्षाको महत्वको बारेमा सचेत छैनन् र जीवनमा प्रयोग गर्न सकेका छैनन् । धेरै विद्यालयहरुमा प्राथमिक उपचारका सामाग्रीहरु छैनन् र यदि उपलब्ध भएता पनि उचित किसिमले प्रयोग भएका छैनन् ।

### ५.३.२ हाम्रा सुझावहरु

- किशोर कीशोरीहरुको स्वास्थ्य, प्रजनन् स्वास्थ्य र यौन शिक्षाकोको विषय पाठ्यक्रममा समावेश गर्नु पर्दछ र प्रत्यक विद्यालयमा किशोरावस्था उमेरका बालबालिकाहरुलार्य विद्यालयमा नै जानकारी गराउनु पर्दछ ।

## ५.४ स्वास्थय अवस्था र सेवा

नेपालमा बालबालिकाको स्थिति २०१३ अनुसार

- १२-२३ महिना सम्मका ८७ प्रतिशत बालबालिकाहरुले खोप प्राप्त गरेका छन्
- ९८ प्रतिशत आमाहरुले आफ्ना बच्चाहरुलाई स्तनपान गराईरहेको छन्

### ५.४.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो छ ?

गाउँहरुमा स्वास्थ्य सेवा तथा केन्द्रहरु धेरै टाढा छन् जसले गर्दा स्वास्थ्य सेवा तथा केन्द्र सम्मको पहुँच एउटा मुद्धाको रुपमा नै रहेको छ । विशेष गरी आकस्मिक अवस्थामा समयमा नै उपचार सम्भाव हुँदैन । अझै पनि परम्परागत उपचार पद्धति र अन्धविश्वास विद्ययमान रहेको छ । हाम्रा साथीहरुले हामीलाई जानकारी गराउनु भए अनुसार गाउँघरमा अझै पनि परम्परागत पद्धतिबाट उपचार गराउने अभ्यास बाँकी नै छ र आधुनिक उपचार अझै पनि धेरै परिवारहरुले पाउन सकेका छैनन् ।

केही ठाउँमा तुलनात्मक रुपमा बालबालिका माझ कुपोषणको अवस्था धेरै देखिन्छ । त्यसलाई सम्बोधन गर्नका लागि सुनौला हजार दिन परियोजना लागू गरिएको छ जसले बच्चा भ्रुण अवस्था देखि २ वर्षको उमेर पूरा नभएसम्म पोषिलो आहार प्रदान गरिन्छ ।

खोपको सुविधा देशका सम्पूर्ण ७५ जिल्लामा नै पुगेको छ । अभिभावकहरु खोपको महत्वको बारेमा सचेत छन् र आफ्ना बालबालिकालाई खोप दिनका लागि उत्प्रेरित छन् । नेपाललाई सन् २०१४मा पोलियो मुक्त देश भनेर घोषणा गरिएको छ । त्यस प्रकारका अभियानहरुका लागि बाल क्लब पनि परिचालित भएका छन् । उनीहरुले समुदायलाई खोप लगाउने दिनको बारेमा जानकारी गराउँछन् र परिवारका बालबालिकालाई खोप लगाउनका लागि स्वास्थ्य केन्द्रसम्म लैजानका लागि सहजिकरण पनि गर्दछन् । आम सञ्चारबाट गरिएका स्वस्थ्य सम्बन्धी सचेतना कार्यक्रमहरुले थुप्रै सकारात्मक परिवर्तनहरु ल्याएका छन् । प्रख्यात व्यक्तिहरुलाई सहभागी गराई स्वास्थ्यसँग सम्बन्धित विषयहरुमाा गरिएको विज्ञापनहरु प्रभावकारी देखिएका छन् । महामारीको समयमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि सक्रिय भूमिका खेलेका छन् । स्वास्थ्य केन्द्रमा आई जन्म पूर्व स्वास्थ्य जाँच गराएमा र केन्द्रमा आएर सुत्केरी भएको अवस्थामा सुविधा दिने व्यवस्थाले पनि महिलाहरुलाई स्वास्थ्य सेवा सम्मको पहुँचका लागि उत्प्रेरित गरिरहेको छ ।

यति हुँदा हुदै पनि , नेपाल सरकारले अझै पनि नियमित रुपमा औषधी र स्वास्थ्य स्याहार सामाग्रीहरु आपूर्ति गर्न सकेको छैन । ग्रामीण जिल्लाहरुमा औषधीको म्याद सकिन थोरै मात्र समय बाँकी भएको अवस्थामा पुग्दछन् । खोपहरु पनि कतिपय अवस्थामा प्रयोग गर्न नमिल्ने भईसकेपछि मात्र स्वास्थ्य केन्द्रमा पुग्दछ । निशुल्क रुपमा प्राप्त हुने औषधीहरु पनि स्वास्थ्य सेवा दिनेहरुले नै बेच्दछन् । स्वास्थ्य केन्द्रहरुमा सामाग्रीहरुको उपलब्धता छैन । सरकारको १०० प्रतिशत जन्म स्वास्थ्य केन्द्रमा गराउने नीति भएता पनि त्यस्ता थुप्रै स्वास्थ्य केन्द्रहरु छन् जहाँ अझै पनि सुत्केरी सेवाकालागि आधारभूत सामग्रीहरु छैनन् । सरकारी स्वास्थ्य केन्द्रका व्यक्तिहरुमा उत्प्रेरणाको कमी र निजी सेवाको लागि प्राथमिकता पनि अवलोकन गरिएको छ ।

५.४.२ हाम्रा सुझावहरु

- सरकारले देशभरीका स्वास्थ्य केन्द्रहरुमा  आधुनिक स्वास्थ्य उपचारका सामग्रीहरु उपलब्ध गराउनु पर्दछ ।
- सरकारले सम्पूर्ण स्वास्थ्य केन्द्र तथा सेवाहरु बाल मैत्री भएको र बालबालिकाको पहुँचमा भएको सुचिश्चित गर्नुपर्दछ ।
- यातायात विकासको आधार भएकाले त्यसको पहिले विकास गर्नुपर्दछ र त्यसपछि अन्य सेवाहरु आफै विकास हुन्छन् र विस्तारै आकार ग्रहण गर्दछन् ।
- प्रत्येक स्वास्थ्य केन्द्रहरुमा पर्याप्त सामग्री सहितको सुत्केरी कक्ष र तालिम प्राप्त व्यक्तिको व्यवस्था गरिनु पर्दछ ।

# ६. शिक्षा

## ६.१ सबैका लागि शिक्षामा पहुँच

नेपालमा बालबालिकाको स्थिति २०१३ अनुसार

- नेपामा ८१८ धार्मिक विद्यालयहरु (मदरसा, गुम्बा, गुरुकुल, आश्रम) सहित जम्मा ३४,७८२ विद्यालयहरु छन् ।
- जम्मा ६,३९९,८८५ जना आधारभूत तहमा, ८७८,०४७ माध्यामिक तहमा र ३८७,५१६ बालबालिका उच्च माध्यामिक तहमा अध्ययनरत छन् ।
- आधारभूत तहमा बालबालिकाको भर्नादर ८७.५ प्रतिशत, माध्यामिक तहमा ५४.३ प्रतिशत र उच्च माध्यामिक तहमा ९.४ प्रतिशत रहेको छ ।
- विद्यालय छोड्ने दर प्राथमिक तहमाा ५.२ प्रतिशत र निम्न माध्यामिक तहमा ६.१ प्रतिशत रहेको छ ।
- प्राथमिक तहमा जम्मा ७२.१ प्रतिशतले, निम्म माध्यामिक तहमा ७३ प्रतिशत र माध्यामिक तहमा ७४.२ प्रतिशत बालबालिकाले सन् २०१२-१३ मा शैक्षिक सत्र शुरु भएको २ हप्ता भित्रमा पाठ्यपुस्तक प्राप्त गरेका थिए ।

### ६.१.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो छ ?




*चित्र ४ : विभिन्न अवस्थाको श्रममा रहेका बालबालिकाहरु शिक्षाबाट वञ्चित छन् । चित्र लेखन : कक्षा ८ मा पढ्दै गरेका एक बालिका, पर्वत*

नेपालमा शिक्षाको क्षेत्रमा धेरै राम्रा प्रयास तथा अभ्यासहरुको ग्रहण गरेको छ । धेरै गैह्र सरकारी संस्थहरुले बालबालिकाको शिक्षामा पहुँच वृद्धिका लागि छात्रबृत्तिहरु पनि प्रदान गरेका छन् । हामी बालबालिकालाई यो जानकारी गराउन पाउँदा खुशी लागेको छ कि नेपाल सरकारले सवारी चालक अनुमती पत्र पाप्तीका लागि निश्चित स्तर सम्मको शिक्षा पुरा गर्नुपर्ने निती शिक्षालाई प्रोत्साहित गर्न मुख्य पद्धती रहेको छ । त्यसैगरइ कक्षा ८ सम्म निशुल्क शिक्षाको निती नेपाल सरकारको अर्को राम्रो निती रहेको छ । सरकारले नेपाल अधिराज्य भर बालबालिकाको विद्यालयमा शत प्रतिशत भर्ना गराउन सञ्चालन गरिएको विद्यालय भर्ना अभियान सह्रानिय छ । सरकारबाट सहयोग प्राप्त (अथवा सरकारी विद्यालय) हरुले गुणस्तरी शिक्षा प्रवर्द्धनको प्रयास स्वरुप कक्षा ५ सम्म अंग्रेजी माध्यममा पढाउन शुरु गरेकाा छन् । त्यसैगरी अभिभावकहरुले पनि अभिभावकहरुले पनि आफ्ना बालबालिकाहरुको शिक्षामा निकै रुची देखाउन थालेका छन् ।

जिल्लाका निकायहरु तथा स्थानीय सरकारी संस्थाहरुले सारक्षरता अभियान र विद्यालय भर्ना अभियानलाई आधार मानी आफुलाई पूर्ण साक्षर जिल्लाको रुपमा घोषणा गर्न थालेका छन् । विद्यायमा सञ्चालित बालक्लबहरुलाई छात्रबृत्ति प्रक्रियामा सहजिकरणका लागि जिम्मेवारी दिएका छन् । बालक्लबका सदस्यहरुलाई सरकारले प्रदान गर्ने छात्रवृत्तिका लागि उपयुक्त व्यक्तिको सिफारिस गर्न भन्ने गरिएकाा छन् । प्रत्यक बालकको शिक्षा प्राप्त गरिसकेपछि र जागिर प्राप्त गरे पनि देशलाई सेवा गर्ने आकांक्षा हुन्छ ।

हाम्रो पनि बाल अधिकार

हँसिया होइन हाम्रो हातमा, कापी कलम देऊ
बाल श्रमबाट मुक्त गरी सभ्य जीवन देऊ
सानासाना हातमा कापी कलम सुहाउँछ
बाल श्रम अन्त्य गर्ने अभियानमा हामीलाई साथ देऊ ।

बालबालिकालाई आँसु झार्न नदेऊ
नेपालको भविष्यलाई अँध्यारो हुन नदेऊ
किताब बोक्ने झोला छाडी भारी बोक्न नदेऊ
बरु राम्रा कुरा जान्न विद्यालय पठाऊ ।

नयाँ कुरा सिक्ने बेला, काम गर्ने होइन
सानासाना नानीलाई ठूला काम होइन
समुद्रका थोपाजस्तै हामी बाबुनानी
पढ्ने, लेख्ने ज्ञानी बन्ने आशा मार्ने होइन ।

हामीबाट देशले आशा गरेको छ
बाल श्रम प्रयोग नगर्ने नारा लागेको छ
बाल श्रम हुनुहुन्न कहिँकतै पनि
बाल अधिकार हनन गर्नुहुन्न कोही कसैले पनि ।

बेलबास ७, प्युठानका १७ वर्षीय बालक

नेपालको शिक्षाको पद्धती परिवर्तन भएको छ । सचेतनाको कमिले गर्दा विद्यालयमा भर्ना नहुने अवस्था परिवर्तन भएको छ । अहिले धेरै जसो बालबालिकाहरु जो आफ्नो पृष्ठभूमि, भौगोलिक अवस्था र अवस्थाका आधारमा फरक छन् उनिहरुले पनि विद्यालयमा भर्ना हुने अवसर पाएका छन् तर भर्नाहुने विद्यालयका आधारमा लैङ्गिक भेदभाव अझै पनि विद्यमान छन् । धेरै जसो अवस्थामा बालिकाहरु विद्यालयमाा भर्ना भएतापनि उनिहरुले घरायसी काम तथा जिम्मेवारीलाई पहिलो प्राथमिकता दिनु पर्दछ र शिक्षा दोस्रो प्राथमिकतामा आउँछ । यस प्रक्रियामा संलग्न भएका हाम्रा सम्पूर्ण साथीहरुले यस विषयलाई उठान गरेका छन् र उनिहरुले शिक्षा बालबालिकाको आधारभूत अधिकार हुन् र यसलाई प्राथमिकता दिन वयस्कहरुसँग अपिल पनि गरेका छन् ।

सरकारले कक्षा ८ सम्म औपचारिक शिक्षलाई निशुल्क गरेको छ । तरपनि कतिपय अभिभावहरुले आफ्ना बालबालिकाका लागि विद्यायको पोशाक, मसलन्द सामाग्री आदि व्यवस्था गर्न सकेका छैनन् । विद्यालयहरुमा आवश्यक परेका बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था रेहेको छ तर प्राय विद्यालयहरुमा यो प्रयाप्त छैन । कुनै कुनै विद्यालयहरुमा नियमित रुपमा विद्यलयमा नआउने विद्यार्थीहरुलाई जरिवाना गर्ने नियम बनाइएको छ । तर धेरै जसो अवस्थामा विद्यालयमा उपस्थित नहुनुको कारणलाई कठोर रुपमा नलिई पैसा जम्मा गर्ने कुरामा मात्र केन्द्रित हुन्छन् । माध्यामिक विद्यालयहरुपमा विद्यार्थीहरुले पैसा तिर्नुपर्ने हुन्छ र यो वा त्यो कारणका नाममा पैसा असुलिन्छ । यदि विद्यर्थीहरुले समयमा विद्यालयको शुल्क तिर्न नसकेको खण्डमा उनिहरुलाई SLC परिक्षा दिन पाउने छैन भनि तर्साइन्छ ।

## विद्यालय छोड्ने दर

बालबालिकाले विभिन्न कक्षामा विभिन्न कारणले विद्यालय छोड्ने गरेको देखिएको छ । आधारभूत तहमा विद्यालयमा भर्ना भएका बालबालिकाको विद्यालयमा टिकाउ दर हेर्दा भर्नाको अवस्था भन्दा आधा मात्र हुने गरेको छ । कतिपय बालबालिकाले निकै सामान्य कारणबाट विद्यालय छाड्ने गरेको पाइएको छ । कतिपय घर प्रतिको जिम्मेवारीले गर्दा विद्यालय छोड्छन् । त्यसैगरी विभिन्न क्षेत्रमाा बाल श्रमिकका रुपमा कार्यरत बाल श्रमिकहरुले आफ्नो पढाईलाई निरन्तरता दिन पाएका छैनन् । धेरै जसो बालिकाहरु विद्यालय जाने उमेरमा नै विवाह भएकाले पनि विद्यालय छोड्नु परेको छ ।

विद्यालय छोड्नु पर्नाका अन्य कारणहरु निम्नानुसार छन्,

- विद्यालय जाने बालबालिकाको दुर्व्यसन
- विद्यालयमा शिक्षकहरुले पढाउनमा कम रुची लिनु
- विद्यालयमा गिज्याउने चलन (विशेषगरी किशोरीहरुलाई)

त्यसैगरी बालकहरुले पनि काम गर्न तथा पैसा कमाउनका लागि विद्यालय छोड्ने गरेका घटनाहरु छन् ।उनीहरु मोबाइलका साथै अरु विद्युतीय सामग्री (आफ्ना साथीहरुलाई देखाउन) किन्नका लागि पैसा कमाउन चाहन्छन् । यस्तैगरी केहीले विद्यालयको शुल्क तिर्न नसकेको कारणले गर्दा आधारभूत तह पछि विद्यालय छोड्ने गरेका छन् ।

### ६.१.२ हाम्रा के सरोकारहरु छन् ?

नेपाल सरकारद्वारा विद्यालयमा बालबालिकाको भर्ना सम्बन्धित विश्वव्यापी लक्ष्य प्राप्तिका निमित्त सबैका लागि शिक्षा रणनीति लागू गरिएको छ । तर पनि केही यस्ता बालबालिकाको समूह छ जो कहिल्यै पनि विद्यालय पुगेको छैनन । शिक्षा प्राप्तिमा समस्या भोगीरहेका केही निश्चित समूह र समुदायका बालबालिका निम्नानुसार रहेकाछन् :

- बझाङ र कैलाली जस्ता जिल्लाका बादी समुदायका बालबालिका
- धादिङ तथा मकावानपुर जिल्लाको माथिल्लो पाहाडी भागमा बसोबास गर्ने जनजाति चेपाङ समुदायका बालबालिका
- कपिलवस्तु जिल्लाका दुई गा.वि.स मा दाउरा संकलन तथा बेचविखन गर्ने कार्यमा संलग्न जनजाति समूहका बालबालिका
- मुस्लिम समुदायका बालबालिका, विशेष गरी बालिकाहरु जो मदरसामा आफ्नो शिक्षा पूरा गरिसकेपछि औपचारिक शिक्षामा भर्ना हुने मौकाा पाउँदैनन् । मदरासामा पनि, यदि शिक्षक पुरुष भएको खण्डमा विद्यार्थी र बालिकाबीच एउटा पर्दा राखिन्छ जसले गर्दा एक अर्कालाई देख्न सक्दैनन् । यसले गर्दा सञ्चारमा अवरोध गर्दछ र सिकाई प्रक्रियामा बाधा उत्पन्न हुन जान्छ ।

### ६.१.३ हाम्रा सुझावहरु

- नेपाल सरकारले बालबालिकाको पृष्ठभूमि, पारिवारिक अवस्था, अपाङ्गता वा अन्य मुद्दाहरु जे भएता पनि उनीहरुको शिक्षाको अधिकार सुनिश्चित गर्नका लागि सक्दो उपाय अपनाउनु पर्दछ ।
- भय मुक्त सिकाई अभियान नेपालका केही जिल्लाहरुमा लागू गरिएका छन् जुन नेपालका अन्य जिल्लाहरुमा पनि फैलाउनु पर्दछ ।
- बालबालिकालाई राजनैतिक गतिविधिमा संलग्न वा परिचालन हुन बाट रोक्न प्रयास गरिनुपर्दछ ।
- प्रत्येक विद्यालयहरुमा बालबालिकाले आफ्नो सुझाव व्यक्त गर्न तथा बाल संरक्षणको सवाल उठानका लागि प्रत्येक विद्यालयमा सुझाव पेटिकाको व्यवस्था गरिनुपर्दछ ।
- बाल बालिकालाई पढ्न तथा उनीहरुको गृहकार्य गर्न दिन साँझको लोडसेडिङ कम गर्न नेपाल सरकारले बैकल्पिक उपायहरुको खोजी गर्नु पर्दछ ।
- नेपाल सरकारले कम्लरी बालबालिकालाई दिदै आएको छात्रवृत्तिको संख्या तथा रकम बृद्धि गर्नुपर्दछ र कम्लरी बालबालिकाको लागि छुट्टै परिचय पत्रको व्यवस्था हुनुपर्दछ ।
- प्रारम्भिक बाल विकास बालबालिकाको विकासको एउटा महत्वपूर्ण पक्ष भएकाले सबै विद्यालयहरुमा बाल विकासलाई सबल बनाउँदै लानु पर्दछ ।
- 

## ६.२ विद्यालयहरुको भौतिक संरचना

### ६.२.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो छ ?

नेपालका विद्यालयका अवस्थाहरु भौगोलिक क्षेत्र अनुसार फरक फरक रहेका छन् । सम्म भूभाग (तराई)मा विद्यालयको भौतिक संरचना राम्रो रहेको पाइन्छ । ठूलो भूभाग ओगटेको क्षेत्रमा साना साना भवनमा संञ्चालित कक्षा कोठाहरु सहज देखिन्छन् ।

तर पहाडी क्षेत्रमाा भौतिक संरचनाहरु तुलनात्मक रुपमा कमजोर छन् । विद्यालयहरु आधारभूत सुविधायुक्त छैनन् । हाम्रा साथीहरुले जानकारी गराउनुभएका घटना अनुसार विद्यालयका भवनहरुमाा पर्याप्त छाना छैनन्, आवश्यकता भन्दा कम कक्षा कोठा छन् त्यसैले एउटै कक्षाकोठामा फरक फरक कक्षाका विद्यार्थीहरु राखेर पनि पढाइ हुने गरेको छ । विद्यालयहरुमाा झ्याल र ढोका छैनन् जसले गर्दा कक्षा कोठामा गाई तथा भैसीले फोहर गरेका अवस्थाहरु पनि छन् । धेरै साथीहरुले हामीलाई जानकारी गराए अनुसार उनीहरुको विद्यालयमा खेल तथा मनोरञ्जनका सामाग्रीहरु छैनन् र कतिपय विद्यालयहरुमा त ती सामाग्रीहरु भए पनि बालबालिकाहरुलाई खेल्न दिइँदैन ।

हाम्रा साथीहरुले विद्यालय तथा घर बिचको लामो बाटोको बारेमा पनि जानकारी गराएका छन् ।  कतिपय साथीहरुलाई घरबाट विद्यालय पुग्न २ घण्टा सम्म पनि लाग्दो रहेछ । उनीहरुले समयमानै विद्यालयमा पुग्न विहानको खाना छोड्नु पर्दछ र हिड्ने क्रममा बाटोमा पानी समेत पाउँदैन । विशेषगरी वर्षाको समयमा विद्यालय जाने बाटोमा पर्ने पुलहरु राम्रा छैनन् त्यसैले बालबालिकाले नदी पार गर्नुपर्ने हुन्छ । साथै कहिलेकाही, लामो हिडेर पनि बालबालिका विद्यालयमा ढिला पुगेको अवस्थामा शिक्षकहरुले कक्षाकोठामा प्रवेश गर्न दिदैनन् ।

### ६.२.२ हाम्रा सुझावहरु

- सम्बन्धित सरकारी निकायहरुले सबै बालबालिकाको विद्यालयमा पहुँच (बाल मैत्री)का लागि तुरुन्तै विद्यालय भवन निर्माण कार्य थालनी गर्नुपर्दछ ।
- विद्यालयहरु मानव वस्तिबाट निकै टाढा रहेका ठाउँमा विद्यार्थीहरुको शिक्षाको निरन्तरताका लागि बैकल्पिक व्यवस्था गरिनु पर्दछ ।

## ६.३ विद्यालयमा शिक्षणको गुणस्तर तथा शिकाई

### ६.३.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

ग्रामीण भेगमाा शिक्षकहरु विद्यालयमाा समयमा नै र नियमित नआउने कुरा सामान्य नै हो तर यदि विद्यार्थीहरु समयमा नै आएको अवस्थामा उनीहरुलाई कक्षाकोठामा प्रवेश नै गर्न दिइन्न । जान्ने विद्यार्थीलाई बढी ध्यान दिने र कमजोर विद्यार्थीलाई वास्ता नगर्ने शिक्षकहरुको भेदभावपूर्ण व्यवहारले शिक्षणको गुणस्तर र सिकाई प्रक्रियामा नै प्रश्न उठाएको छ ।

केही शिक्षकहरुले विद्यालयमा आउँदा रक्सी पिएर आउँछन् र लागू पदार्थ पनि लिन्छन् र विद्यार्थीहरुलाई पनि शिक्षकहरुको लागि सुर्ती र चुरोट लिएर आउनका लागि अह्राउँछन् । विद्यालयमा सुसज्जित पुस्तकालय र विज्ञान प्रयोगशाला नहुनु अर्को दुखद कुरा हो । धेरै विद्यालयहरुमा अतिरिक्त क्रियाकलापलाई कम महत्व दिइन्छ । अनावश्यक सार्वजनिक विदाहरुले पनि विद्यालयको पाठ्यक्रम समयमा नै पूरा गर्न समस्या गरेको छ । मध्य तथा सुदुर पश्चिमका पहाडी क्षेत्रमा विद्यालयहरु पाँच महिना मात्र सञ्चालन हुन्छन् । यो हुनुको कारण विद्यार्थी तथा शिक्षक सहित सम्पूर्ण गाउँलेहरु माथिल्लो क्षेत्रमा यार्सागुम्बाको खोजी तथा संकलन गर्न जान्छन् ।

त्यसै गरी शैक्षिक सत्रको शुरुमा नै पाठ्य पुस्तकहरु पाइदैनन् । हाम्रा केही साथीहरुले दिएको जानकारी अनुसार कुनै कुनै ठाउँमा पहिलो त्रैमासिक परिक्षा सकिए पछि मात्रै विद्यार्थीहरुले पाठ्य पुस्तक पाउँछन् ।

### ६.३.२ हाम्रा सुझावहरु

- सबै शिक्षकहरु विशेष गरी प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकहरुलाई बाल केन्द्रित शिक्षण सिकाई विधि सम्बन्धी तालिम प्रदान गर्नु पर्दछ ।
- सरकारले आधारभूत शैक्षिक व्यवस्थाहरु जस्तै सुसज्जित पुस्तकालय, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको उपलब्धता गराउनुपर्दछ ।
- शैक्षिक निकायहरुले शिक्षकहरुका लागि आचारसंहिता बनाउनुपर्दछ र जो शिक्षकहरु रक्सी तथा लागू पदार्थ सेवन गरी विद्यालय आउँछन् उनीहरुलाई अनुशासनको कार्वाही गर्नु पर्दछ । नेपाल सरकारले विद्यालयमा सरकारी बिदा कम गर्नका लागि नीतिगत निर्णयहरु गर्नु पर्दछ जसले गर्दा न्यूनतम शैक्षिक दिनहरु पूरा हुनेछन् र वार्षिक पाठ्यक्रम समयमा नै पूरा हुनेछन् । सरकारले विद्यालयमा मनोसामाजिक परामर्शकता नियुक्त गर्नु पर्दछ ।
- सरकारले नेपालका सम्पूर्ण बालबालिकाले निशुल्क तथा अनिवार्य शिक्षा पाएको कुराको सुनिश्चितता गर्नु पर्दछ ।
- शिक्षा विभाग तथा मन्त्रालयले नियमित रुपमा विद्यालयहरुको अनुगमन तथा निरीक्षण गर्नुपर्दछ जसले गर्दा विद्यालयहरुको शैक्षिक गुणस्तर, संरचनाहरु, सरसफाईको व्यवस्था र अरु पक्षको अवस्था सुधार हुन्छन् ।
- सरकारले प्रत्येक घरधुरीलाई साँझमा विद्युत उपलब्ध गर्नुपर्दछ जसले गर्दा बालबालिकाले अध्ययन गर्नका लागि समय पाउनेछन् र विद्यालयले दिएको गृह कार्य गर्न सक्नेछन् ।
- सम्बन्धित निकायहरुले विद्यालयको कक्षाकोठामा विद्युत पुर्‍याउने व्यवस्था गर्नुपर्दछ (विशेष गरी जाडो समयमा) जसले गर्दा विद्यालयहरु विहानी सत्रमा सञ्चालन गर्न सकिनेछ ।

## ६.४ विद्यालयमा हुने शारीरिक सजाय

### ६.४.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

प्राय विद्यालय जाने बालबालिका र शिक्षकहरु बाल मैत्री विद्यालय र भय मुक्त शिक्षण तथा बालबालिकाहरुलाई विद्यालयमा सजाय दिनु हुँदैन भन्ने कुरामा सचेत छन् । तरपनि समय समयमा विद्यालयमा हुने शारीरिक सजायका घटनाहरु सार्वजनिक भै रहेकाछन् । शारीरिक सजायको विषय पनि यस प्रक्रियाको दौरान हाम्रा साथीहरुले विभिन्न माध्यमहरु जस्तै चित्र, कविता र लेखहरुबाट राम्ररी समेटेका छन् र प्राय सबैले शारीरिक सजायलाई विद्यालयको एक समस्याको रुपमा लिएका छन् । विद्यालयमा शारीरिक सजायको घटनाकै कारण विद्यालय छाडेका घटनाहरु पनि छन् । सजायको प्रमुख कारण भनेको गृहकार्य नगर्नु हो, तर बालबालिकालाई प्राय उनीहरुले गृहकार्य नगर्नुको कारण सोधिदैनन् तर सजाय दिइन्छ ।



*चित्र ५ : एक बालिकालाई शारीरिक सजाय दिदै गरेको । चित्र लेखन: चुरियामाई बालक्बका एक बालिका, मकवानपुर*

### ६.४.२ हाम्रा सरोकारहरु के छन् ?

विद्यालयमा शारीरिक सजाय गलत हो भन्ने प्रस्ट कानुनी व्यवस्था भएतापनि सजायको अभ्यास गर्ने शिक्षकहरुमाथि कुनै कारवाही गरिएको पाइँदैन । बालबालिकालाई सजाय दिने शिक्षकहरुलाई अनुशासनको कारबाही गरेको घटनाहरु निकै कम छन् । हालैका वर्षहरुमा सजाय तथा त्यसले बालबालिका माथि पार्ने प्रभावहरु कम भए तापनि यो विद्यालयको एक मुद्धाको रुपमा अझै रहेको छ । विशेषगरी सुदुर पश्चिमका हाम्रा साथीहरुले यस विषयलाई खुलेर उठाएका छन् । उनीहरु सबैले कम्तिमा एक पटक विद्यालयमा शिक्षकबाट शारीरिक सजाय पाएको जानकारी गराएका छन् ।

६.४.३ हाम्रा सुझावहरु

- भय मुक्त सिकाई परियोजना देशका प्रत्येक विद्यालयमा लागू गर्नुपर्दछ । वास्तवमा यस्ता परियोजनाहरु सरकारी विद्यालय भन्दा निजि विद्यालयहरुमा बढी आवश्यकता देखिन्छ ।
- शिक्षकहरुले कक्षा कोठामा प्रवेश गर्दा लठ्ठी लिएर आउनु हुदैन (शैक्षिक सामाग्रीको रुपमा बाहेक) ।
- शिक्षकहरुलाई सकारात्मक विभेद सम्बन्धी व्यवहारिक तालिम दिनु पर्दछ र विद्यालयमा त्यस्ता विधिहरुलाई लागू गर्नका लागि बाध्यकारी बनाउनु पर्दछ ।
- आजको समय सम्म पनि बालमैत्री तथा बाल केन्द्रित शिक्षा विद्यालयको भौतिक संरचनामा मात्र केन्द्रित रहेका छन् । बाल मैत्री शिक्षा प्रवर्द्धनका लागि शिक्षक तथा विद्यार्थी बिचको सम्बन्ध तथा उनीहरुको सिकाई प्रक्रियालाई जोड दिनु पर्दछ ।


# ७. बाल संरक्षण

## ७.१ सशस्त्र द्वन्द्व तथा प्राकृतिक प्रकोपबाट प्रभावित बालबालिका

नेपालमा बालबालिकाको स्थिती २०१३ अनुसार जम्मा १०७० बालबालिका सशस्त्र द्वन्द्वबाट प्रभावित भएका छन् जसमा ५०९ बालक तथा ५६१ बालिकाहरु छन् ।

### ७.१.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

सन् १९९६ देखि २००६ सम्म नेपालले एक दशकसम्म सशस्त्र द्वन्दको अनुभव गर्‍यो । त्यस समयमा समग्र राष्ट्र नै सशस्त्र द्वन्द्वबाट प्रभावित भयो । थुप्रै बालबालिका एक वा अन्य माध्यमहरुबाट सशस्त्र द्वन्द्वबाट प्रभावित भए । आठ वर्ष पहिले सशस्त्र द्वन्द्वको अन्त्य भयो तर अझै पनि धेरै बालबालिका तथा तिनका परिवारहरुमा सशस्त्र द्वन्द्वको प्रभाव देख्न सकिन्छ ।




*चित्र ६ : नेपालको एक दशक लामो सशस्त्र द्वन्दमा विस्थापीत भएका परिवार । चित्र लेखन : श्री जनता उच्च मा.वि मा कक्षा ७ मा अध्ययन गर्ने एक बालिका, पर्वत*

आफ्ना एक वा दुवै अभिभावकको मृत्युले गर्दा सशस्त्र द्वन्द्वको समयमा धेरै बालबालिका अभिभावक विहिन हुनपुगे । सशस्त्र द्वन्द्वको दौरान धेरै परिवारहरु आन्तरिक रुपमा विस्थापित भए । सशस्त्र द्वन्द्वले गर्दा अभिभावक विहिन भएका बालबालिकाको जीवन अझै पनि एक मुद्धाको रुपमाा रहेको छ र त्यस मध्ये धेरैले अझै पनि सरकारबाट सहयोग पाएका छैनन् । त्यस पछि धेरै बालबालिका सडक बालबालिका, बाल श्रमिक भए र विद्यालयका साथै अन्य आधारभूत सेवाहरुबाट विमुख भए ।

मानिसबाट सिर्जित त्यस्ता द्वन्द्व बाहेक त्यस्ता धेरै प्राकृतिक प्रकोपहरु छन् जसले बालबालिकालाई प्रभाव पार्न सक्दछन् । वर्षायाममा बाढीको घटनाले गर्दा अभिभावक तथा सम्पत्ति गुमाउनु पर्ने र आन्तरिक रुपमा विस्थापित पनि हुनु पर्ने अवस्थाहरु आउँछन् । बाढीले गर्दा धेरै बालबालिका विद्यालयमा उपस्थित हुन नसक्ने अवस्थाहरु पनि छन् । वातावरण परिवर्तन तथा अन्य प्राकृतिक प्रकोपहरु जस्तै भू-कम्प पनि बालबालिकाको एक सरोकारको विषय रहेको छ । हाम्रा साथीहरुले यस प्रकारका विषयहरु पनि उठान गरेका छन् र यस्तो अवस्थामा पनि बालबालिकाहरुको अधिकार सुनिश्चित गर्नका लागि सरकारसँग अपिल गरेका छन् ।

## ७.२ बाल श्रम (घरेलु बाल श्रम, कमैया बालबालिका र हलिया बालबाकिला सहित)

नेपालमा बालबालिकाको स्थिति २०१३ अनुसार जम्मा ३८,७७६ बालबालिका विभिन्न प्रकारका श्रम जस्तै घरेलु काम, दैनिक ज्यालादारी, ईटा भट्टा, चिया बगान, यार्सागुम्बा संकलन, होटल तथा रेष्टुरेन्टमा संलग्न छन् । तरपनि जानकारीमा आएको संख्या भन्दा वास्तविकतामा धेरै बाल श्रमिकहरु छन् ।

## ७.२.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?



*चित्र७ : विभिन्न अवस्थाको बाल श्रम । चित्र लेखन : जनजागृती विद्यलायका एक बालक, धादिङ्ग*

गरिबको सुस्केरा

दिदी बाख्रा चराउन जानुभो, दाजु दाउरा लिनलाई
स्कुल जाने बेलामा गोठालोको काम हामीलाई
आमा मेला जानुभो, बाबा खेत जोत्नलाई
हजारौं प्रश्न गर्छु आफैं मात्र आफैंलाई ।

अरू मान्छेका लागि काम किन हामी गर्नु ?
हामीलाई किन सधैं हेला र विभेद गर्नु ?
मान्छेमान्छेबीच किन लच्छिन अलच्छिन छुट्याउनु ?
रातै रगत, एउटै धड्कन किन हामीलाई हेप्नु ?

परम्परा भनेर कहिलेसम्म यस्तो गर्ने ?
ज्ञान हुँदाहुँदै पनि किन न्याय छायाँ पार्ने ?
आमाबाले जमिन्दारको मरिमेटी काम गर्ने
तर पनि आफ्ना घरमा हामी भोकभोकै मर्ने ?

हातमुख जोड्नै पनि समस्या भो जिन्दगीमा
समाधान कसो गरी खोज्ने होला लौ न ?
काम गरी कमाएको सानोतिनो अन्नबाली
घरका सबै जहानलाई बाँड्ने कसो गरी लौ न ?

घर सानो, थोरै कोठा, हाम्रा लागि महलै भो
मेचीदेखि कालीसम्म नेपालीलाई ज्योति चाहियो ।

जनज्योति बाल क्लब, काभ्रेकी एक बालिका

सबै क्षेत्र तथा जिल्लाहरुमा बालबालिकाले उठाएको विषयहरु मध्ये बाल श्रम पनि एक रहेको छ । कथा, चित्र, संवाद, निवन्ध, कविता, चिठी, आत्मकथा, लेख जस्ता माध्यमहरुबाट यस विषयलाई प्रस्तुत गरेका छन् र सबभन्दा धेरै बालबालिकाले यस विषयलाई उठान गरेका छन् ।

**बाल श्रम**

हामी बालबालिका रे भविष्यका कर्णधार
तर आफ्ना स्वार्थ खातिर गर्छन् श्रमको अत्याचार
पढ्न पठाउने भन्छन्, तर काममा जोत्छन्
दिउँसोभरि काममा लगाई भोको पेटमा गोद्छन् ।

बाल श्रमिकको जीवन हामीलाई साह्रै दुख्छ
यौन दुर्व्यवहार हुन्छ अनि जीवन अन्धकारमा पुग्छ
दुर्व्यवहार गर्छन् अनि चुप लाग्न भन्छन्
अधिकार खोसेपछि कोठाभित्र थुन्छन् ।

बाल श्रमिक हौं हामी, आमाबा साथमा छैनन्
सानैदेखि काममा लगाई आमाबा आउने हैनन्
यस्तो दुःख पीडा दर्द कसैलाई नहोस्
कानुन न्याय व्यवस्थाले हामीलाई नि हेरोस् ।

श्री स्टार बाल क्लब, बैरिया १०, बाराका बालक

हामीले अभिभावकहरुको मृत्यु, परिवार छुट्टिनु, बहुविवाह, अर्थिक अभावक (प्राकृतिक प्रकोप, कमाउने अभिभावकको बिरामीको कारण), बाल विवाह र परिवारको कमजोर आर्थिक अवस्थाका कारण धेरै बालबालिकाहरु विभिन्न काममा आफ्नो श्रम बेचेको देख्न सक्छौं । बालबालिकाले वयस्कले जस्तै विभिन्न माग नगर्ने थोरै ज्यालामा पनि काम गराउन सकिने भएकाले उनीहरुलाई श्रमका लागि प्राथमिकता दिइन्छ । बालबालिका श्रमिकका रुपमा काम गर्ने क्षेत्रहरुमा होटल र रेष्टुरेन्ट, ढुङ्गा खानी, ईटा भट्टा, घरेलु श्रम, चिया बगान, बाल भरिया, फोहर संकलन गर्ने र यातायातमा खलासी आदि रहेका छन् । श्रममा संलग्न बालबाबालिका आफ्नो स्वास्थ्य र शिक्षाको अधिकारका साथै अरु थुप्रै अधिकारबाट पनि वञ्चित छन् ।

## ७.२.२ हाम्रा सरोकारहरु

नेपाल सरकारले बाल श्रम निषेध तथा नियमन ऐन २००० लागूगरेको छ तर बाल श्रमिकहरुको अवस्थामा सुधार आएको छैन । श्रममा संलग्न बालबालिकालाई आरामका लागि समय दिइँदैन र कतिपय अवस्थामा उनीहरुलाई पर्याप्त ज्याला पनि दिइँदैन । कानुनले चौध्र वर्ष भन्दा मुनिकालाई काममा लगाउन निशेध गरे पनि यो अझै विद्यमान रहेको छ ।

## ७.२.३ हाम्रा सुझावहरु

- कानुनी आधारमा श्रम गर्न योग्य व्यक्ति भन्दा कम उमेरका बालबालिकालाई सरकारले यथासक्य छिटो उद्धार गर्नुपर्दछ र आधारभूत सेवा र शिक्षा दिनु पर्दछ ।
- बाल श्रम विरुद्ध अभिभावक, समुदायका सदस्य तथा रोजगारदाताहरुलाई लक्षित गरी जनचेतनामूलक सन्देशहरु प्रकाशन तथा प्रशारण गर्न स्थानीय सञ्चारगृहहरुसँग समन्वय गर्नुपर्दछ ।



*चित्र ८ : निर्माण श्रममा संलग्न बालबाकिला । चित्र लेखन : सुनौलो बाल क्लबका एक बालक, दाङ्ग*

## ७.३ लागूपदार्थ दुर्व्यसन (अभिभावकको दुर्व्यसन सहित)

### ७.३.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

विद्यालय जाने बालबालिका धुमपान, सुर्ती सेवनका साथै अवैध लागू पदार्थ सेवनमा संलग्न छन् । सडक बालबालिलका माझ दुर्व्यसन अझ विशेष गरी गम सुघ्ने लत थप छलफलको विषय रहेको छ । अभिभावकहरुको धुमपान, रक्सी सेवन तथा जुवा तासको लत घरायसी हिंसासँग जोडिएको छ । अभिभावकहरुको लतका कारण बालबालिकालाई उनीहरुको बुबाले पिट्ने गर्दछन्, कहिले काही ढुङ्गा भएको ठाउँमा फाल्दछन् ।

लागू पदार्थ दुर्व्यसनमा संलग्न बालबालिका पैसाका लागि चोरी गर्ने, लुट्ने जस्ता नकारात्मक कार्यमा पनि संलग्न भएका छन् । नेपालको विद्यमान कानुन अनुसार सार्वजनिक स्थानमा धुमपान गरेको अवस्थामा रु १०० जरिवाना तिराउने वा ६ महिना जेलको सजाय हुने व्यवस्था रहेको छ । नराम्रो लतलाई निरुत्साहित गर्नकालागि देशमा लागू गरिएको यो एक राम्रो कानुन हो ।

### ७.३.२  हाम्रा सरोकारहरु के छन् ?

नेपाल सरकारले १८ वर्ष मुनिका बालबालिकालाई सुर्ती, चुरोट, जाँड रक्सी र अवैध लागुपदार्थ बेच्न तथा खरिद गराउने कार्यमा संलग्न गराउन निषेध गरेको भएता पनि अभिभावक तथा शिक्षकहरुले बालबालिकालाई त्यस्ता पदार्थ लिन पठाउने घटनाहरु प्रसस्त छन् । यस्ता पदार्थहरुको विज्ञापनले यस्ता पदार्थहरुको प्रयोग गर्व र साहसको विषय देखाएकाले यस्ता उत्पादनहरुको प्रयोग बढेको छ । त्यस्तै गरी अवैध लागु पदार्थहरु सजिलै पाइन्छन् ।

### ७.३.३ हाम्रा सुझावहरु

- विद्यालय जाने बालबालिका माझ लागु पदार्थ प्रयोग रोक्नका लागि वृहत सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्दछ । लागु पदार्थ दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रमहरु विद्युतिय तथा छापा माध्यमबाट संचालन गर्नुपर्दछ ।
- डेन्ड्राइट किन्न आउने व्यक्तिसँग प्रमाणित परिचय पत्र हुनुपर्दछ र पसलेले पनि सो देखाउनका लागि भन्नु पर्दछ ।
- लागु पदार्थको लतमा लागेका बालबालिकाका लागि सरकारले बाल सुधार गृहको स्थापना गर्नुपर्दछ ।
- विद्यालय जाने उमेरका किशोर किशोरीहरुलाई लक्षित गरी जनचेतना तथा अन्तरक्रिया कार्यक्रमहरुको योजना बनाई लागू गर्नुपर्दछ ।



*चित्र ९: सानो अवस्थामा नै मद्यपान र धुम्रपान सेवनमा संलग्न बालबालिका ।*
*चित्र लेखन : कक्षा ९ मा अध्ययनरत एक बालिका.* पाल्पा

## ७.४ यौन दुर्व्यवहार तथा यौन शोषण

### ७.४.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?


बलात्कारीलाई १५ वर्ष जेल, ७ लाख जरिवाना

*चित्र १0: बालिका बलात्कारको घटनामा अदालतको फैसला सम्बन्धी नागरीक राष्ट्रिय दैनिकमा छापिएको एक समाचार, रुपन्देहीका बाल क्लबका सदस्यहरु माफृत*

विद्यालय तथा सार्वजनिक स्थानमा हुने बाल यौन दुर्व्यवहार एक प्रमुख मद्धाको रुपमा रहेको छ । दुराचारीहरुले बालबालिकालाई आकर्षित गर्दछन् वा तर्साउँछन् र यौन दुर्व्यवहार गर्दछन् । समय समयमा बालबालिका माथि हुने बलात्कारका घटनाहरु सार्वजनिक हुनु पनि सामान्य भैसकेको छ । बाल यौन दुर्व्यवहारलाई बालबालिका माथि हुने ठूलो अपराधको रुपमाा लिइन्छ । यस प्रतिवेदनका लागि अवस्थाहरु संकलन गर्ने क्रममा हाम्रा साथीहरुले जिस्काउने, दुःख दिने र हेप्ने जस्ता घटनाहरुको बारेमा पनि जानकारी गराउनु भएको छ ।

### यौन दुर्व्यवहार

धेरै जसो समयमा बाल यौन दुराचारीहरु नचिनेका व्यक्तिहरु नभएर चिनेकै व्यक्तिहरु र धेरै नजिकका नातेदारहरु हुन्छन् । परम्परागत रुपमा यौन कार्यलाई पेशाका रुपमा अपनाउँदै आइरहेको बादी समुदायका बालिकाहरु अझ धेरै जोखिममा छन् । त्यस्तै गरी यी बालिकाहरु विद्यालयमा भर्ना पनि हुँदैनन् जसले गर्दा जोखिम अझ बढेको छ । यस्ता घटनाहरुले बालबालिकामा मनोवैज्ञानिक आघात पनि दिन्छ ।

### ७.४.२ हाम्रा सुझावहरु

- नेपाल सरकारले यौन दुर्व्यवहारबाट पीडितहरुलाई मनो सामाजिक परामर्श सेवा दिनका लागि एकीकृत प्रयास गर्नुपर्दछ ।
- बाल यौन दुर्व्यवहार तथा शोषणको विरुद्धमा बनाइएका ऐन तथा कानुनहरलाई लागु गर्नुपर्दछ र कानुनी व्यवस्थाका बारेमा सम्पूर्ण वयस्क तथा बालबालिकालाई सचेत गराउनुपर्दछ ।
- बाल दुर्व्यवहार र शोषणबाट बचावटका लागि आयोजना गरिने जनचेतनामूलक कार्यक्रमहरुको खाँचो छ । यौन दुर्व्यवहार तथा शोषण सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु गाउँमा पनि चलाउनु पर्दछ ।
- शिक्षकका साथै अरु वयस्कबाट भएका यौन दुर्व्यवहारका घटनारु सम्बन्धित निकाय समक्ष सिकायत गर्नका लागि समुदाय तथा विद्यालयका बालबालिकाहरुको पहुँच हुनुपर्दछ ।
- सम्भावित जोखिम तथा यौन दुराचारबाट जोगाउनका लागि लागि बालबालिकाहरुलाई आत्म सुरक्षाको तालिम दिनु पर्दछ ।

## ७.५ बाालबालिकाको बेचविखन तथा ओसारपोसार

### ७.५.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

बालबालिकाले अवलोकन गरेको आधारमा बालबालिकाको बेचविखन तथा ओसारपोसार अर्को महत्वपूर्ण मुद्धाको रुपमा रहेको छ । विभिन्न कारणहरु जस्तै श्रममा संलग्न गराउने/बधुवा मजदुर बनाउन, शरीरका अङ्ग झिक्न र यौन शोषणका लागि बालबालिकाको ओसारपोसार गरिन्छ । धेरैजसो अवस्थामाा अभिभावकहरु ओसारपोसारको कारण र यसले निम्त्याउने परिणामको बारेमा सचेत छैनन् र आफ्ना बालबालिकालाई संरक्षण पनि गर्न सक्दैनन् । तर कहिलेकाँही अभिभावक आफैले आफ्ना बालबालिकाले भोग्नु पर्ने सम्भावित अवस्थाको बारेमा बेखबर भएर पैसाका लागि आफैले पठाउने पनि गर्दछन् ।



*चित्र ११ : विद्यालय जाने उमेरकी एक बालिका बेचविखनको जोखिममा*

हालैका वर्षहरुमाा उमेर पुगेपछि भन्दा पहिलेनै पासपोर्ट लिने चलन देखिन थालेको छ । धरैजसो बालिकाहरु १६ वर्ष उमेर पूरा गर्नुभन्दा पहिले नै गा.वि.स. को झुटो सिफारिस लिएर वैदेशिक रोजगारीमा जानका लागि नागरिकता र पासपोर्ट बनाउन आइरहेका छन् । यस मुद्धाले वैदेशिक रोजगारीको रुपमा मानव ओसारपोसारलाई छुट दिइरहेको घटना प्रति संकेत गरेको छ । यस मुद्धालाई सम्बोधन गर्न जिल्ला प्रशासन कार्यालय मकवानपुरले मानव ओसार पोसार विरुद्धको जिल्ला सञ्जालसँग समन्वय गरेको छ । यसक्रममा जिल्ला प्रशासन कार्यालय प्राङ्गणमा एक टेबुलको व्यवस्था गरिएको छ र पासपोर्टका लागि निवेदन दिनेहरुले यस प्रक्रिया मार्फत गई सोधपुछ मार्फत आफ्नो उमेर प्रमाणित गर्नु पर्दछ । उनीहरुलाई परामर्श मार्फत वर्तमान समयमा भईरहेको बालबालिकाको बेचविखन तथा ओसार पोसारको बारेमा सचेत गराईन्छ यसबाट निवेदकहरु सचेत भैरहेका छन् ।

### ७.५.२ हाम्रा सुझावहरु

- नेपाल सरकारले सिमा क्षेत्रमा सुरक्षा जाँच सुनिश्चित गरी ओसार पोसारका घटनाहरुलाई पत्ता लगाउने र रोकथाम गर्न आफ्नो सेवा प्रणाली सुदृढ गर्नु पर्दछ ।
- पासपोर्ट लिनका लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरले गरेको पहललाई देश भरिका जिल्ला प्रशासन कार्यालयहरुले ग्रहण गर्नु पर्दछ ।

## ७.६ बाल विवाह

महिला तथा बालबालिकाको अवस्था, २००६ (युनिसेफ) अनुसार

- कुल विवाह मध्ये २१ प्रतिशतमा बालिकाहरु १६ वर्ष मुनि हुने गरेका छन् भने ७ प्रतिशतमा बालिकाहरु १० वर्ष मुनि हुने गरेका छन्
- बालिकाहरु विवाह हुने मध्यस्थ उमेर १६.२ वर्ष रहेको छ ।

## ७.६.१ हामीले अवलोकन गरेको आधारमा अवस्था कस्तो रहेको छ ?

वर्तमान समयमा अभिभावकहरुको दबावमा हुने परम्परागत बाल विवाह र आधुनिक बालविवाह जुन बालबालिकाको आफ्नै इच्छामा भागेर विवाह गर्दछन् दुवै विद्यमान छन् । हाम्रा साथीहरुले जानकारी गराउनु भए अनुसार अभिभावहरुको सहमतिमा हुने विवाह भन्दा भागी गर्ने विवाहहरु धेरै देखिन्छन् । तुलनात्मक रुपमा विगतमा भन्दा अभिभावकहरु धेरै सचेत छन् । ययसप्रकारको परिवर्तन आउनुमा समाजमा फैलिएको शिक्षा र जनचेतनाको योगदान रहेको छ । जनचेतना अभिवृद्धिका लागि आफ्नो समाजमा निरन्तर कानुनी जानकारी दिइरहेका बाल क्लबहरुको पनि उत्तिकै भूमिका रहेको छ । प्राय हामी सबै जो




*चित्र १२ : बाल विवाहको एक झलक । चित्र लेखन : कपिलवस्तुका एक बालक*

बाल क्लबमा आबद्ध छौं उनीहरुहरुलाई बाल विवाहको बेफाइदाको बारेमा जानकारी छ र कानुनले तोकेको उमेर भन्दा कम उमेरमा विवाह नगर्न प्रतिबद्ध छौं । बाल क्लबहरुकै पहलमा बाल विवाह विरुद्ध अभियानहरु र बाल विवाह रोकथामका केही उपलब्धीहरु हासिल भएका छन् । धार्मिक नेताहरु र ज्योतिषहरुले पनि बालविवाहलाई निरुत्साहित गरेका छन् र त्यस्ता विवाहमा धार्मिक कार्यहरु पनि गर्दैनन् । बाल विवाहका घटनाहरु घटिरहेका छन् तर जन मानसमा बढ्दो जनचेतनाका कारण उजुरी गर्ने क्रम पनि बढिरहेको छ ।

हाम्रा साथीहरुले सूचना प्रविधिको प्रयोगले पनि भागी विवाह गर्ने चलन बृद्धि गराउन अहम् भूमिका खेलेको कुराको बारेमा जानकारी गराएका छन् । मोबाईलमा पहुँच तथा सामाजिक सञ्जाल जस्तै फेकबुकहरुमा पहुँच त्यस्ता केही कारणहरु हुन् जसले बालबालिकालाई कुनै बैकल्पिक सोच नराखी आफ्नो जीवनका बारेमा महत्वपूर्ण निर्णय लिन उद्दत गराउँछ । साथीहरुका अनुसार यस्ता विषयहरुमा आत्म नियन्त्रण नै मुख्य पक्ष हो तर यसको कमिका कारण समाजमा भागी विवाह गर्ने क्रम चलिरहेको छ ।



चित्र १३ : परम्भरागत बाल विवाहको एक झलक । चित्र लेखन : सुनौलो बिहानी बाल क्लबकी एक बालिक, दाङ्ग

विवाह पश्चात बालिकाहरु घरायसी कामकाजमा संलग्न हुन्छन् त्यसैले यी बालिकाहरु अघोषित बाल श्रमिकहरु पनि हुन् । उनीहरु पहिले विद्यालय जाने गरेता पनि विवाह पछि आफ्नो शिक्षालाई छोड्नु पर्ने हुन्छ ।

हामीहरु बाल विवाहले पार्ने शारीरिक, भावनात्मक, सामाजिक र शैक्षिक असरहरु सहितका नराकात्महरु असरहरुका बारेमा सचेत छौं ।

### ७.६.२ हाम्रा सरोकारहरु

अभिभावकहरुको सहमतिमा विवाह गर्ने कानुनी उमेर १८ वर्ष र विना सहमती २० वर्ष रहेता पनि धेरै विवाहहरु यो उमेर भन्दा कममै हुन्छन् । यस्ता धेरै बालविवाहका घटनाहरुको उजुरी हुँदैनन् र उजुरी नभएकाले कानुनी कारबाही गर्न नसक्ने अवस्था हुन्छ । त्यस्ता व्यक्तिहरुलाई सजाय भएका घटनाहरु पनि धेरै नै नगन्य मात्रामा छन् ।

### ७.६.३ हाम्रा सुझावहरु

- बाल विवाह न्यूनीकरणका लागि सडक नाटक मार्फत जनचेतनामूलक क्रियाकलापहरु र संबन्धित सरकारी निकायहरुबाट तालिम आयोजना गर्नु पर्दछ ।
- बालबालिकालाई आत्मनिर्भर बनाउनका लागि बाल्यवस्था देखिन घरायसी कामहरु सम्बन्धि तालिम दिनु पर्दछ ।
- गरीबीका कारण बाल विवाह गरिने परिवारलाई उनीहरुको परिवार सुदृढिकरणका लागि सरकारले सहयोग प्रदान गर्नु पर्दछ ।
- बालिकाहरुलाई छात्रवृत्ति प्रदान गर्नु पर्दछ जसले गर्दा उनीहरु आफ्नो शिक्षा पूरा गर्न उत्प्रेरित हुनेछन् र चाडो विवाहलाई नाई भन्न सक्दछन् ।
- बाल्यवस्थामा नै विवाह गर्न र आफ्नो आत्म नियन्त्रणका लागि बालबालिकाले व्यक्तिगत प्रतिबद्धता गर्नुपर्दछ ।
- बाल विवाहलाई प्रवर्द्धन गर्ने परिवारहरुलाई सरकारी निकायबाट हुने कुनै पनि सिफारिसका लागि अयोग्य बनाउनु पर्दछ ।
- वास्तविकता सम्बन्धी अभिमुखिकरणका लागि सरकारले यौन शिक्षा र प्रजनन् स्वास्थ्य शिक्षा प्रदान गर्नुपर्दछ ।
- सरकारले कानुनमा उल्लेख गरेका कुराहरु कडा रुपमा लागू गर्नुपर्दछ । बाल विवाहलाई बढावा दिने परिवारहरुलाई कानुनी र सामाजीक डर देखाएर पनि बाल विवाहका घटनाहरुलाई न्यून गर्न सकिन्छ ।